# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २६४ | काठमाडौं | आइतबार, ०६ माघ २०८१ | Prabhab National Daily | Sunday, January 19, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**सामाजिक सञ्जालको सदुपयोग गरौं**

सामाजिक सञ्जालको अधिक प्रयोगले व्यक्तिमा एक्लोपन, परिवारमा अविश्वास र कलह तथा सामाजिक सद्भाव खल्वल्याउन सक्छ,

- सामाजिक सञ्जाललाई सकरात्मक विचार र प्रेरणा फैलाउने माध्यमको रूपमा प्रयोग गरौं,
- अनावश्यक र नकारात्मक सामाग्री, पोष्ट र शेयर नगरौं वा नराखौं,
- स्मार्टफोनको अत्यधिक प्रयोगवाट वालवालिकालाई जोगाऔं,
- सामाजिक सञ्जाललाई सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने माध्यम वनाओं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


मधेस बलिदानी दिवस

# नेतृत्व यत्रतत्र सहिदका सपना अधुरै

यो मुलुकमा थुप्रै राष्ट्रियता छन्, सयौं जात र समुदाय छन्, यो मुलुक यहाँ बसोबास गर्ने सबै जातजाति र भाषाभाषीहरूको साझा मुलुक नबनेसम्म संघर्ष गरिरहन आवश्यक छ ।

**उपेन्द्र यादव**
**अध्यक्ष, जसपा नेपाल**

देश केन्द्रीकृत प्रणालीमा थियो । त्यसले मधेस र मधेसी जनतालाई उपेक्षा गरेको थियो, त्यही भएर केन्द्रीकृत शासन प्रणाली फालेर संघात्मक प्रणालीमा जाऔं भन्दै बलिदानीपूर्ण संघर्ष मधेसमा भयो ।

**तुलानारायण साह**
**राजनीतिक विश्लेषक**



**बलिदानी दिवसमा सिरहाको लहानस्थित सहिदहरूको प्रतिमामा माल्यार्पण गर्दै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव ।** *तस्विरः सुदिप राउत/रासस*

- अन्तरिम संविधानमा संघीयता नभएपछि मधेस आन्दोलन
- मधेस आन्दोलनको पहिलो सहिद रमेश महतो
- ५ माघमा महतोको हत्या स्मृतिमा मधेस बलिदानी दिवस

**प्रभाव संवाददाता**

**काठमाडौं–** दोस्रो जनआन्दोलन सफल भएपछि पुनःस्थापित संसद्बाट १ माघ २०६३ मा अन्तरिम संविधान जारी भयो । उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरमले भने उक्त संविधान काठमाडौंको माइतीघरमा जलाएर मधेस आन्दोलनको घोषणा गऱ्यो ।

कारण, अन्तरिम संविधानमा संघीयता थिएन । २ माघमा यादवसहित २८ जना पक्राउ परे । त्यसविरुद्ध मधेसमा बन्द आह्वान भयो । बन्दको बेला ५ माघमा नेकपा माओवादीका नेता मातृकाप्रसाद यादव चढेको गाडी सिराहाको लहान पुग्दा प्रदर्शनकारी र माओवादीका कार्यकर्ताबीच झडप हुँदा प्रहरीले चलाएको गोली लागेर रमेश महतोको मृत्यु भयो । उनै महतो मधेस आन्दोलनको पहिलो सहिद भए । २५ माघ २०६३ सम्म आइपुग्दा मधेस आन्दोलनमा मारिनेको संख्या ४० नाघेको थियो ।

पहिलो सहिद महतोको सम्झनामा मधेसकेन्द्रित राजनीतिक दलहरूले शनिबार १८औं मधेस बलिदानी दिवस मनाएका छन् । दिवसलाई सिराहा पुगेर सम्बोधन गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल (तत्कालीन मधेसी जनअधिकार फोरम) का अध्यक्ष उपेन्द्र यादवले मधेस आन्दोलनले गोर्खा साम्राज्यवादीहरूो अत्याचारमाथि दह्रो रूपमा प्रहार गरेको बताए । तर, अझै सशक्त संघर्षको आवश्यकता रहेको यादवले सुनाए ।

'यो मुलुकमा थुप्रै राष्ट्रियता छन्, सयौं जात र समुदाय छन्, यो मुलुक यहाँ बसोबास गर्ने सबै जातजाति र भाषाभाषीहरूको साझा मुलुक नबनेसम्म संघर्ष गरिरहन आवश्यक छ,' उनले शनिबार बलिदानी दिवसको अवसरमा आयोजित कार्यक्रममा भने । मधेस आन्दोलनकै बलमा देशले संघीयता पाएको भन्दै यसलाई असफल बनाउन कांग्रेस कम्युनिस्टहरू लागिपरेको उनले आरोप लगाए ।

क्रमशः पृष्ठ २ मा

# दल प्रस्तावपछि रावल गृहप्रदेशमा

- राजावादीदेखि गणतन्त्रवादीहरूसम्म अट्ने दल बनाउने भन्दै अभियानमा रावल
- गृहप्रदेशमा रावलको पक्षमा नाराबाजी, एमाले अध्यक्ष ओलीको विरोध
- एमाले र एकीकृत समाजवादीका नेता कार्यकर्तादेखि राजावादीसम्मले दिए साथ
- प्रारम्भिक माहोल देखिए पनि वैकल्पिक शक्ति निर्माणमा चुनौती रहेको विश्लेषकहरूको भनाइ
- कांग्रेस, एमाले, माओवादीजस्ता स्थापित दलहरूसँग रूष्ट जनतालाई आफ्नो पार्टीमा समेट्ने रावलको दाउ

**जेबी योञ्जन**





**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीबाट हटाएका भीम रावल पार्टीको नाम 'मातृभूमि जागरण अभियान, नेपाल' प्रस्ताव गरेर गृहप्रदेश सुदूरपश्चिम पुगेका छन् । त्यहाँ उनको पक्षमा माहोल देखिएको छ । उनको समर्थनमा कैलालीको धनगढी विमानस्थल, अत्तरिया हुँदै अछामको रामाशोसनसम्मै नाराबाजी भएको छ । उनको स्वागतमा ठाउँठाउँमा राष्ट्रिय झण्डा फहराएका छन् ।

तर, उनलाई एमालेबाट हटाउने प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीको भने विरोध भएको छ । उनको विरुद्ध अछाममासमेत नाराबाजी भयो । हालै कोशी प्रदेशको राजधानी विराटनगर होस् वा नजिकैको इटहरी सहरमा पनि रावलको पक्षमा माहोल देखिएको थियो । उनले इटहरीमा त राजावादीहरूलाई आफ्नो पक्षमा लिनेगरी भनेका थिए, 'राजा फालेर गणतन्त्र ल्याउने दोस्रो जनआन्दोलनको उद्देश्य थिएन, बीचमा घुसपैठ भयो ।'

गत २७ पुसमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पृथ्वीनारायण शाहको जन्मजयन्तीका अवसरमा आयोजना गरेको कार्यक्रममा पनि रावलको पक्षमा नाराबाजी भएको थियो । त्यसअघि उनले मातृभूमि जागरण अभियान नेपाल घोषणा गर्दा पनि काठमाडौंमा ठूलो जमात देखियो । यसबाट रावल हौसिएका छन् ।

तर, के उनलाई जनताले वैकल्पिक शक्ति निर्माणका लागि साथ दिन्छन् ? कि भीडमात्रै हो ? यकीन छैन । राजनीतिक विश्लेषक डा. विष्णु दाहालका अनुसार कतिपय अवस्थामा देखिएको भीड बलेसीमा देखिने पानीको फोकाजस्तो मात्रै हुने गरेको छ ।

तर, रावलले आफू नेतृत्वको अभियानलाई हिमआँधीसँग तुलना गर्दै अभियानले अन्य दलहरूलाई धक्का दिने दाबी गरेका छन् । उनले भनेका छन्, 'हिमालमा हिउँको डल्लो गुडिरहेका बेला सानो देखिन्छ । पछि त्यसले हिमआँधीको रूप लिन्छ । हामीसँग देशको हित चाहनेहरू जुनसुकै पार्टीका सदस्य भए पनि जोडिनुहुन्छ भन्ने विश्वास छ ।'

रावल राजावादीदेखि गणतन्त्रवादीहरूसम्म अट्ने दल बनाउने भन्दै अभियानमा सक्रिय भएका छन् । त्यसकै लागि उनले राष्ट्रवादी धारको दलको रूपमा मातृभूमि जागरण अभियान नेपाल प्रस्ताव गरेको विश्लेषण हुँदै आएको छ । यो दल गैरकम्युनिस्ट हुने बताइएको छ । जबकि, रावल कम्युनिस्ट राजनीति गरेर पर्यटन राज्यमन्त्री, पर्यटनमन्त्री, रक्षामन्त्री, गृहमन्त्रीसँगै उपप्रधानमन्त्रीसम्म भई सत्ताभोग गरिसकेका कम्युनिस्ट नेता हुन् । यसले रावल वैचारिक र राजनीतिकरूपमा 'बेइमान' नेता भएको कतिपयले टिप्पणी गर्दै आएका छन् ।

यसअघि झण्डै ४० वर्ष कम्युनिस्ट राजनीति गरेर डा. बाबुराम भट्टराईले २०७२ असोजमा माओवादीमात्रै छाडेनन्, वामपन्थ नै छाडे । देशमा वैकल्पिक शक्ति निर्माण गर्ने भन्दै उनले नयाँशक्ति दल खोले । सुरुमा डा. भट्टराई र उनको दलको पक्षमा माहोल देखिएको थियो । तर, माहोल दलीय संगठनमा सर्लक्कै परिणत भएन । हाल यो दल निकै कमजोर छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# रोजगारीका लागि छ महिनामा झण्डै चार लाखले छाडे मुलुक

## पुसमा मात्रै ६७ हजार २५८ जना विदेसिए

**प्रभाव संवाददाता**




**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनामा वैदेशिक रोजगारीका लागि झण्डै चार लाख नेपालीले मुलुक छाडेका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पुस मसान्तसम्मको तथ्यांकमा तीन लाख ९३ हजार ६७ जनाले श्रम स्वीकृति लिएर विदेश गएका पाइएको हो ।

यसरी श्रम स्वीकृति लिनेमध्ये दुई लाख २५ हजार ६२५ जना नयाँ रहेका छन् । जसमा ६४ हजार ४५९ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएका छन् भने एक लाख १६१ हजार १६६ जना म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएर गएका हुन् । साउनदेखि पुस मसान्तसम्ममा एक लाख ६२ हजार ६२८ जनाले पुनः श्रम स्वीकृति लिएको तथ्यांकमा उल्लेख छ । यसैगरी जिटुजी प्रणालीमार्फत दक्षिण कोरिया, इजरायल र बेलायतमा जानेको संख्या चार हजार ८१४ जना छन् । जिटुजीमार्फत जानेमा अधिकांश इपिएस प्रणालीबाट कोरिया गएका हुन् ।

विभागका अनुसार पुस महिनामा मात्रै ६७ हजार २५८ जनाले श्रम स्वीकृति लिएका छन् । उक्त महिनामा श्रम स्वीकृति लिनेमध्ये सात हजार १०५ जना महिला रहेका छन् । बाँकी ६० हजार १५३ जना पुरुष छन् । उक्त महिना व्यक्तिगत श्रम स्वीकृति लिने १० हजार ८५ जना, म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिने २९ हजार ३१६, पुनः श्रम स्वीकृति लिने २७ हजार २०३ तथा जिटुजी प्रणालीबाट जाने ६५४ जना रहेका छन् ।

अघिल्लो महिना मंसिरमा ८४ हजार २२६ जनाले श्रम स्वीकृति लिएका थिए । त्यसअघि साउनमा ५९ हजार ५७५ जना, भदौमा ५७ हजार ४९३ जना, असोजमा ५३ हजार ५२५ र कात्तिकमा ७० हजार ९९० जना श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा रोजगारीका लागि पुगेको विभागको तथ्यांकमा देखिन्छ । विभागले सार्वजनिक गरेको विवरणमा पुस महिनासम्म विभिन्न ठगीका घटनाबाट चार करोड ८७ लाख २९ हजार ५५० रूपैयाँ बराबर क्षतिपूर्ति असुल गरिएको उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

# प्रलोभनमा नपर्न नेपाली दूतावास बैंककको आग्रह

**काठमाडौं (प्रस)–** थाइल्याण्डको बैंककस्थित नेपाली दूतावासले आकर्षक रोजगारीको प्रलोभनमा परी कम्बोडिया, लाओस, म्यानमार र थाइल्याण्डलगायतका देशमा नआउन आग्रह गरेको छ ।

दूतावासले ती देशमा आकर्षक रोजगारीको नाममा नेपाली नागरिकले दुःख पाएको र बन्धकसमेत बन्नुपरेको भन्दै एक सूचनामार्फत उक्त आग्रह गरेको हो । दूतावासले म्यानमारको गोल्डन ट्रयांगलमा लगी गैरकानुनी काम गर्न बाध्य पारिएका र सो स्थानबाट भागेर थाइल्याण्ड छिरेका एक नेपाली नागरिकलाई थाई सरकारी निकायको सहयोगमा शुक्रबार नेपाल फर्काइएको छ ।

सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभन परी कानुनविपरीत छिटो धेरै पैसा कमाउने हेतुले कम्बोडिया, लाओस, म्यानमार र थाइल्याडलगायत कुनै पनि मुलुकमा वैदेशिक रोजगारीमा नआउन दूतावासले सबैमा अनुरोध गरेको छ ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# उपकरण राख्ने स्थान र जनशक्तिको सुनिश्चितता भएपछिमात्र बजेट विनियोजन गर्नुपर्ने

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चिकित्सा औजार उपकरण राख्ने स्थान र जनशक्तिको सुनिश्चितता नभई उपकरण खरिदका लागि बजेटको विनियोजन गर्न नपाइने व्यवस्था गरेको छ ।

हालैको मन्त्रीस्तरीय निर्णय परिपत्रमार्फत जारी गर्दै मन्त्रालय र मातहतका स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, स्वास्थ्य विज्ञान प्रतिष्ठान, संघीय अस्पताललाई सो व्यवस्था कार्यान्वयन गर्न आग्रह गरेको हो । मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले खरिद मार्गदर्शन, २०८१ लागू गर्ने सम्बन्धमा गरिएको परिपत्रमा मालसामानको आपूर्ति समयमै गराई सेवा प्रवाहमा बाधा नपर्नेगरी खरिद कार्य सम्पन्न गर्नुपर्ने र बजेट नभई वा बजेटको सुनिश्चितता नभई खरिदको कार्य गर्न नपाइने बताएको हो ।

मन्त्रालय र यसका मातहत निकायबाट हुने औषधि, औजार, उपकरणको खरिद तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन खरिद मार्गदर्शन, २०८१ मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भइसकेको छ । मार्गनिर्देशनमा उल्लेख भएअनुसार सम्बन्धित निकायहरूले आवश्यक औषधि, स्वास्थ्य औजार उपकरण खरिद गर्नुपर्ने अस्पताल तथा प्रतिष्ठानले आवश्यकताका आधारमा मालसामानको वार्षिक आवश्यक परिमाण र लागतसमेत खुल्नेगरी पाँचवर्षे दीर्घकालीन योजना मन्त्रालयबाट स्वीकृत गराई राख्नुपर्ने छ ।

साथै स्वास्थ्य संस्थाले तालिम तथा अनुभव प्राप्त जनशक्तिलाई मात्र औजार उपकरण सञ्चालन गर्ने जिम्मेवारी प्रदान गर्नुपर्ने छ । आफ्नो कार्यालय मातहत रहेका औजार उपकरणलाई लामो समयसम्म प्रयोगविहीन बनाउने र पुनः नयाँ खरिद गर्न उद्दत हुने परिपाटीलाई निरुत्साहित पार्न सम्बन्धित शाखा तथा विभागलाई जिम्मेवार बनाउन मार्गनिर्देशनमा जोड दिइएको छ ।

त्यसैगरी, अस्पतालमा रहेका एक्स-रे, अल्ट्रासाउण्ड मेसिन, सिटीस्क्यान मेसिन, एमआरआई, प्रयोगशाला र शल्यक्रियामा प्रयोगमा हुने विशिष्टीकृत औजार र उपकरण सञ्चालन गर्दा उठेको शुल्क रकमको १० प्रतिशत उपकरण मर्मतसम्भारमा छुट्याउनुपर्ने छ ।

# अनलाइनबाट नागरिकता सिफारिस

**म्याग्दी (प्रस)–** जिल्ला प्रशासन कार्यालय म्याग्दीले अनलाइन प्रणालीमार्फत नागरिकताको सिफारिस गर्ने व्यवस्था मिलाएको छ ।

यस्तो व्यवस्थासँगै सेवाग्राहीले नागरिकताका लागि वडा कार्यालयबाट लिखित सिफारिसको कागजपत्र बोकेर प्रशासनमा धाउनुपर्ने समस्या हटेको छ । प्रमुख जिल्ला अधिकारी गुरूदत्त ढकालले नागरिकता सिफारिसको कार्यलाई समयसापेक्ष, प्रविधिमैत्री र सेवाग्राहीलाई झन्झटरहित छिटोछरितो सेवा प्रवाह गराउन अनलाइन प्रणालीमार्फत नागरिकताको सिफारिस गर्ने व्यवस्था मिलाएको बताए । 'गृह मन्त्रालयले विकास गरेको सफ्टवेयरमा वडा कार्यालयले सेवाग्राहीको विवरण भरेर कोड (संकेत) नम्बरसहित प्रशासनमा पठाउँछन्,' उनले भने, 'संकेत नम्बर लिएर आउने सेवाग्राहीको विवरण रूजु गरेर प्रशासनले नागरिकता प्रदान गर्छ ।'

अनलाइन प्रणालीबाट नागरिकता सिफारिससम्बन्धी सेवा प्रवाहका लागि २०६० चैत ७ गतेभन्दा पछि जिल्ला प्रशासन कार्यालय म्याग्दीमार्फत वितरण भएका नागरिकताको विवरण सफ्टवेयरमा प्रविष्ट गरिएको छ । २०६० चैत ७ गते बेनी भीडन्तका क्रममा प्रशासनका कागजपत्र जलेका कारण त्यसअघिका अभिलेख नराखिएको हो ।

राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, आन्तरिक राजस्व कार्यालयले जारी गरेको प्यान नम्बर, सवारी चालक अनुमतिपत्रलाई पनि सफ्टवेयरमा समावेश गरिएको छ ।

पृष्ठ १ बाट क्रमश:

## दल प्रस्तावपछि...

त्यस्तै, एमालेबाट हटाएपछि पाँच दशक लामो समय कम्युनिस्ट राजनीति गरेका र हाल राष्ट्रवादी दल बनाउने भन्दै अभियान चलाइरहेका रावलको पनि हालत यस्तै हुने त होइन ? संशय छ । तर, उनको प्रभाव अधिक सुदूरपश्चिम प्रदेशमा देखिएको छ, जुन उनको गृहप्रदेश पनि हो ।

एमालेमा छँदा पनि उनी सुदूरपश्चिममा शक्तिशाली नेता थिए । उनी पार्टी संगठनमा निकै प्रभावशाली थिए । त्यही भएर उनको बोली बिक्थ्यो । त्यसकै बलमा अध्यक्ष ओलीसँग पार्टी र राजकीयसत्ता स्वार्थकेन्द्रित संघर्षमा रावल थिए । अन्ततः रावल पार्टीबाटै हटाइए । उनी एमालेमा हुँदा राष्ट्रियताको पक्षमा खरो बोल्ने नेता थिए । उनले जबरजस्त राष्ट्रवादको पक्षमा बोल्ने नेताको पहिचान बनाए । उनै रावल आफू नेतृत्वमा गठन हुने दलको नाम नै मातृभूमि जागरण अभियान नेपाल प्रस्ताव गरेर गृहप्रदेश सुदूरपश्चिम गएका हुन् ।

सुदूरपश्चिम प्रदेशका पूर्वसामाजिक विकासमन्त्री कृष्णराज सुवेदीले रावल गृहप्रदेशपछि देशका अन्य प्रदेशमा पनि जाने बताए । 'हामीले झापादेखि महेन्द्रनगरसम्मै मातृभूमि जागरण अभियान सञ्चालन गर्ने भनेका छौं, त्यसका लागि अहिले हामी अछाममा छौं यसपछि हामी अन्यन्त्र जान्छौं,' उनले प्रभावसँग भने । रावललाई नेकपा एमाले र नेकपा एकीकृत समाजवादीका नेता कार्यकर्ताले साथ दिएको देखिएको छ । हाल प्रदेश सांसद रहेका एकीकृत समाजवादीका पूर्वनेता तारा जोशी रावलसँगै छन् । नेपाली कांग्रेस (बिपी)का उपसभापति कर्ण मल्ल पनि रावलसँगै देखिएका छन् । विभिन्न दलका असन्तुष्ट देशभक्त नेता कार्यकर्तालाई पार्टीमा जोड्ने रावलको रणनीति देखिएको छ । रावलले आफ्नो नेतृत्वमा वैकल्पिक शक्ति बनाउने बताउँदै आएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहितका नयाँ दलहरू विश्वसनीय नभएको एकथरीको गुनासो रहेको र देशमा हिन्दूराष्ट्र पुनःस्थापना गर्न सशक्त आन्दोलन गर्ने शक्ति राप्रपा नभएको अर्कोथरीको मत छँदा दुवैलाई समेट्नेगरी रावल अगाडि बढ्ने देखिएको राजनीतिक विश्लेषक दाहालको विश्लेषण छ । यस्तै, उनका अनुसार कांग्रेस, एमाले, माओवादीजस्ता स्थापित दलहरूप्रति पनि नागरिकमा वितृष्णा छ । यस्तो अवस्थामा रावलले सबै विचार र समूहलाई समेट्नेगरी दल खोल्न लागेको बताउने गरेका छन् ।

■ ■ ■

## नेतृत्व यत्रतत्र...

नेपाली राजनीतिमा संघीयता स्थापनामा मधेसी जनता र त्यसको नेतृत्व यादवले गरेको जस जाने गरेको छ । किनभने अन्तरिम संविधानमा संघीयता थिएन । राज्य एकात्मक शासन प्रणालीमै आधारित थियो । तर, मधेस आन्दोलनले देशलाई संघात्मक प्रणालीमा लैजान दलहरूलाई बाध्य पारेको मधेस मामिलाका जानकार तुलानारायण साहले बताए । 'देश केन्द्रीकृत प्रणालीमा थियो । त्यसले मधेस र मधेसी जनतालाई उपेक्षा गरेको थियो, त्यही भएर केन्द्रीकृत शासन प्रणाली फालेर संघात्मक प्रणालीमा जाऔं भन्दै बलिदानीपूर्ण संघर्ष मधेसमा भयो,' उनले प्रभावसँग भने ।

मधेसकेन्द्रित राजनीतिक दलहरूले तत्कालीन २ नम्बर प्रदेशको नाम मधेस राखे । भौगोलिक पहिचानको आधारमा उक्त नाम राखिएको हो । हाल मधेसकै भूमिबाट राष्ट्रिय राजनीतिमा उदाएको दल जनमतले मधेस सरकारको नेतृत्व गरिरहेको छ । यसअघि जसपाले लामो समय मधेस सरकारको नेतृत्व गरेको थियो । तर, विकासले गति नलिएको गुनासो व्याप्त छ । मधेसी जनताको जीवनस्तरमा तात्त्विक भिन्नता नभएको पनि राजनीतिक विश्लेषक साह बताउँछन् । यद्यपि, शनिबार मधेस बलिदानी दिवसमा भने जसपा नेपालसँगै जनता समाजवादी पार्टी (जसपा), जनमत, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लगायत राजनीतिक दलका नेताहरूले मधेस आन्दोलनका पहिलो सहिद महतोजस्तै थुप्रै सहिदको मर्म र भावनाअनुसार मधेस सरकारले काम गर्नुपर्ने बताएका थिए ।

तर, मधेस आन्दोलनको बेलाका नेतृत्वकर्ताहरू सत्तामोहले गर्दा यत्रतत्र भएका छन् । पहिलो संविधानसभा चुनावमात्रै होइन, दोस्रो संविधानसभा हुँदै संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभा चुनावसम्मै मधेसकेन्द्रित दलहरूको संसद्मा प्रतिनिधित्व सशक्त थियो । तर, हाल स-साना टुक्रामा विभाजित भएपछि सरकारमा 'बार्गेनिङ पावर' गुमाएका छन् भने मधेस सरकारबाट राम्रो काम नगरेर संघीयतामाथि नै प्रश्न उठाउने काम भएको टिप्पणी भइरहेको छ ।

■ ■ ■

## रोजगारीका लागि...

पछिल्लो महिना पुसमा मात्रै २६ लाख ५९ हजार ५५० रूपैयाँ क्षतिपूर्ति असुल गरी सम्बन्धित पीडितलाई हस्तान्तरण गरिएको छ । उक्त अवधिमा कूल ९५४ वटा उजुरी विभागमा दर्ता भएका थिए । जसमध्ये ५२० वटा फर्स्योट गरिएको विभागले जनाएको छ । साथै, पुस मसान्तसम्म ६४ जनाको उद्धार, ४१९ जनालाई क्षतिपूर्ति, चार जना फिर्ता गरिएको विवरणमा उल्लेख छ । मुलुकमा रोजगारीको अवसर नहुँदा दैनिक हजारौंको संख्यामा वैदेशिक रोजगारीमा जाने क्रम जारी छ । उनीहरूले पठाएको रेमिटचान्सले मुलुकको अर्थतन्त्र धान्ने काम गरेको छ ।

### नाङले-पटाप-सिन्धुपाल्चोक सडक निर्माण शंखरापुर-२ काठमाण्डौ (चेनेज: ०+००० देखि ८+६७८) आयोजनाको

**संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८१/१०/०६

बागमती प्रदेश, काठमाण्डौ जिल्ला शंखरापुर नगरपालिका वडा नं. १ र २ मा नाङले-पटाप-सिन्धुपाल्चोक सडक निर्माण (**चेनेज: ०+००० देखि ८+६७८**), पूर्वाधार विकास कार्यालय, बागमती प्रदेश, मानभवन, ललितपुरद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, बागमती प्रदेश मानभवन, ललितपुर । |
|---|---|
| प्रस्तावको व्यहोरा | प्रस्तावित आयोजना शंखारापुर नगरपालिका वडा नं. १ र २ (चेनेज: ०+००० देखि ८+६७८) सडक खण्डमा कार्यान्वयन हुनेछ । यस सडकको सुरु बिन्दु शंखारापुर नगरपालिका वडा नं. १ को नाङ्ले बजार, नविन ग्राम शिक्षा मन्दिर भन्ने स्थानमा रहेको छ र अन्तिम विन्दु काठमाण्डौ र सिन्धुपाल्चोकको सिमानामा शंखरापुर नगरपालिका वडा नं. २ मा रहेको छ । यस प्रस्तावको कार्यान्वयनको क्रममा कन्स्ट्रक्सन यार्ड, लेवर क्याम्प आदि निर्माण गरिनेछ साथै जमिन उत्खनन् तथा भरण, सतह निर्माण, पर्खाल, नाली तथा पानी तर्काउने संरचना र सडक कालोपत्रे गर्ने कार्य यस आयोजनाका मुख्य क्रियाकलाप रहेका छन् । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | काठमाण्डौ जिल्ला, शंखरापुर नगरपालिका वडा नं. १ र २ क्षेत्र |

माथि उल्लेखित प्रस्तावको बातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. र गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **नाम:** पूर्वाधार विकास कार्यालय<br>**ठेगाना:** बागमती प्रदेश, मानभवन, ललितपुर<br>**ईमेल:** nksingh@bagmati.gov.np<br>**सम्पर्क व्यक्ति:** नबिन कुमार सिंह | **नाम:** पब्लिक ईन्जिनियरिङ्ग एण्ड इन्भ्यारोमेन्ट कन्सल्ट<br>**ठेगाना:** इनरुवा, सुनसरी<br>**सम्पर्क व्यक्ति:** बासु पाठक<br>**फोन:** +९७७ ९८४९७४३९४४ |

### पटेर्वा सुगौली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८१/१०/०६**

यस कार्यालयबाट मिति २०८१/०८/२७ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम भलुवाही खोलाबाट नदि जन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण कार्यको लागि रितपूर्वक दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८१/१०/०४ को निर्णयानससार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | 02/RIV/2081-082 | भलुवाही खोलाबाट नदि जन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण कार्य । | संकट मोचन निमार्ण सेवा, बिरगंज-१४, पर्सा । | ४८,३१,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**


**साउदीमा रोजगार** कम्पनी : Sas al-eizi car maintenance center

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०४ LT. No. 311987 चलानी नं. ६०२२६६६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 2 | 0 | 1500 | ५५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १३ गते (26th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, ०६ माघ, २०८१

| | |
|---|---|
| मेष | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| वृष | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| मिथुन | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| कर्कट | दिगो कामको जग बसाउन सकिने छ । |
| सिंह | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| कन्या | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| तुला | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| वृश्चिक | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| धनु | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| मकर | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कुम्भ | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मीन | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ माघ, २०८१ (१९ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.१९ | १३८.७९ |
| युरो | १ को | १४२.१७ | १४२.७९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.६७ | १६९.४१ |
| स्विस फ्रैन्क | १ को | १५१.५४ | १५२.२० |
| अस्ट्रेलियन डलर | १ को | ८५.८३ | ८६.२० |
| क्यानाडियन डलर | १ को | ९६.१३ | ९६.५५ |
| सिङ्गापुर डलर | १ को | १०१.०७ | १०१.५१ |
| जापानी येन | १० को | ८.८७ | ८.९१ |
| चिनियाँ युआन | १ को | १८.८५ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३६.८३ | ३६.९९ |
| कतारी रियाल | १ को | ३७.९२ | ३८.०८ |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६२ | ३७.७९ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.४८ | ९.५२ |
| स्विडिस क्रोनर | १ को | १२.३८ | १२.४४ |
| डेनिस क्रोनर | १ को | १९.०५ | १९.१४ |
| हङकङ डलर | १ को | १७.७४ | १७.८२ |
| कुवेती दिनार | १ को | ४४७.८० | ४४९.७४ |
| बहराइन दिनार | १ को | ३६६.६१ | ३६८.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।





**सांस्कृतिक आदानप्रदान** | भक्तपुर नगरपालिकाले शनिबार आयोजना गरेको 'नेपाल भ्रमण वर्ष २०२५ तथा चिनियाँ नयाँ वर्ष सांस्कृतिक महोत्सव'मा नृत्य प्रस्तुत गर्दै चिनियाँ कलाकार (बाँया) र बाँसुरीको धुन प्रस्तुत गर्दै भक्तपुरका स्थानीय कलाकार । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाइँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारले १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन लागेको बताएका छन् । काठमाडौंको टोखामा स्थापना भएको जनकल्याण सामाजिक केन्द्रले शनिबार यहाँ आयोजना गरेको 'निःशुल्क स्वास्थ्य तथा आँखा शिविर' को उद्घाटन गर्दै उनले १० देखि १४ वर्षसम्मका १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन सरकार लागिरेहको बताएका हुन् ।

'महिलामा क्यान्सर हुन नदिन सरकारले यही माघ २२ देखि देशभरका १६ लाख किशोरीमा क्यान्सरविरुद्धको खोप प्रदान गर्न लागेको छ,' स्वास्थ्यमन्त्री पौडेलले भने । उनले पाँचवटा अस्पतालमा किशोरीका लागि क्यान्सरको निःशुल्क उपचारको व्यवस्था सरकारले मिलाएको बताए । सरकारले पक्षघातको औषधि निःशुल्क वितरण गर्ने गरी कार्ययोजना अगाडि बढाएको पनि उनले जानकारी दिए ।

स्वास्थ्यमन्त्री पौडेलले नागरिकको योगदानमा आधारित कोष बढाएर स्वास्थ्य बिमाको रकमसमेत बढाउँदै आमनागरिकको उपचारमा खर्च गर्नेगरी सरकारले योजना बनाएको उल्लेख गरे । 'हाल स्वास्थ्य बिमाको रकम एक लाख रूपैयाँ रहेको छ, हामी त्यसलाई बढाएर पाँच लाख रूपैयाँ बनाउनेगरी योजना बनाइरहेका छौं,' उनले भने ।

छरिएर रहेको स्वास्थ्य रकमलाई बिमा कोषमार्फत उपचार गराउने प्रबन्ध गरिने उनको भनाइ थियो । उनले नेपालको स्वास्थ्य क्षेत्र धेरै सुधारिएको भए पनि अझै पर्याप्त नभएको उल्लेख गरे ।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले समाज रूपान्तरणमा जनकल्याण सामाजिक केन्द्रले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले समाज सेवाको क्षेत्रलाई निरन्तर अगाडि बढाउन उक्त संस्थालाई आग्रह गरे ।

टोखा नगरपालिकाले जनकल्याण सामाजिक केन्द्रलाई अगाडि बढाउन सहयोग गर्ने नगरप्रमुख अधिकारीको भनाइ थियो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारी, जनकल्याण सामाजिक केन्द्रका सल्लाहकार भरत ढकालले जनकल्याण सामाजिक केन्द्रले टोखाको समाज र स्वास्थ्य क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान दिएको बताएका थिए ।

विसं २०७० मा स्थापना भएको केन्द्रले हालसम्म देशभर ३५१ पटक रक्तदान, स्वास्थ्य शिविर, आँखा शिविरलगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिसकेको केन्द्रका अध्यक्ष विकासकुमार दासले जानकारी दिए । अल नेपाल अस्पताल र दृष्टि आँखा केन्द्रको सहकार्यमा आयोजना गरिएको शनिबारको स्वास्थ्य शिविरमा २०० भन्दा बढी व्यक्तिलाई सेवा प्रदान गरिएको थियो । कार्यक्रममा विभिन्न विधामा योगदान दिएका व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

# मन्त्री निवासमा खानेपानी आपूर्तिका लागि प्रक्रिया सुरु

**काठमाडौं (प्रस)–** ललितपुरको भैँसेपाटीस्थित संघीय सरकारका मन्त्री एवं प्रदेशका मुख्यमन्त्रीको आवासलगायत क्षेत्रमा खानेपानी आपूर्तिका लागि प्रक्रिया सुरू भएको छ । संघीय सरकार खानेपानी मन्त्रालयअन्तर्गत काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल )ले ललितपुर जिल्लाका विभिन्न स्थानमा खानेपानी पुर्‍याउनका लागि बोलपत्रसहितको प्रक्रिया सुरू गरेको हो ।

यसअघि मन्त्री निवास भैँसेपाटीलगायत ठाउँमा खानेपानीको आपूर्ति भएको थिएन । खानेपानीमन्त्री प्रदीप यादवको निर्देशनमा केयुकेएलले ललितपुर जिल्लाका आठ स्थानमा खानेपानी आयोजना निर्माणका लागि बोलपत्रसहितको प्रक्रिया सुरू गरेको खानेपानी मन्त्रालयले जनाएको छ ।

ललितपुर महानगरपालिका-१८, सैंबु भैँसेपाटीमा रहेको मन्त्री निवाससहित ललितपुर महानगरपालिका-१८, मगरगाउँ, ललितपुर महानगरपालिका-१४, बूढामार्ग, ललितपुर महानगरपालिका-१५, युलेन्स स्कुल, धापाखेल, ललितपुर महानगरपालिका-१७, बाफल, ललितपुर महानगरपालिका-२६, चोखेल, ललितपुर महानगरपालिका-१५, शान्तिनगर माइक्रोपार्क, ललितपुर महानगरपालिका-८, ९ बोजेपोखरी र बालकुमारी पुल गरी जम्मा आठ ठाउँको खानेपानी निर्माणका लागि बोलपत्र आह्वान गरिएको केयुकेएलले जनाएको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७७/०५/१२ मा दर्ता कायम भएको **गोल्डेन मल्टिपर्पोज एग्रिकल्चर फार्म प्रा.लि.** (प्रा.लि.नं.२४०९०३/२०७७/०७८) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८१/१०/०४ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर**

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१०/०६

यस बैंकको निक्षेपकर्ता श्री लिला राम पौडेलको नाति, कृष्ण प्रसाद पौडेलको छोरा, राधा शर्माको श्रिमान, सुर्खेत जिल्ला, बिरेन्द्रनगर वडा नं. १० (साविक सुर्खेत जिल्ला, बिरेन्द्रनगर नगरपालिका वडा नं.८) मा बस्ने वर्ष ४८ को श्री महेश प्रसाद पौडेल (ना.प्र.नं. २७२१८/१०४९, जारी मिति २०५३/३/२३) को मिति २०८१/०६/२८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको, श्रिमती राधा शर्माले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रिमती, राधा शर्माको कायम हुने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Irrigation Feasibility Study and Construction Quality Program

Jawalakhel, Lalitpur

## Notice for Shortlisting and Request for Proposal

**Date of Publication: 19th January 2025**

This is to notify that, pursuant to clause 30 (5) and 31 (1) of Public Procurement Act, 2063 following firms have been shortlisted and RFP has been requested from the shortlisted firms for **contract: DWRI/IFSCQP/2081/82/ EOI-01 "Study on Environmental Impact Assessment (EIA) of Kailali Ground Water Irrigation Project"**

- **JV Name: Udaya-Api Point-Chameliya Point JV, Lead:Api Point Engineering Construction & Consult Nepal Pvt. Ltd., Sub: Udaya Consultancy (P.) Ltd., Sub: Chameliya Point Consult Nepal Pvt. Ltd.,**
- **JV Name: SILT-SS Consult-Inclusive JV, Lead:Sub Structural Consult Pvt.Ltd., Sub: SILT Consultants (P) Ltd., Sub: Inclusive Consultants Pvt. Ltd;**
- **NEPAL ENVIRONMENTAL AND SCIENTIFIC SERVICES (P) LTD;**
- **JV Name: SAP-BDA-AADI JV, Lead: SAP Development Solution Pvt. Ltd., Sub: Building Design Authority (P) Ltd., Sub: AADI CONSULT Pvt. Ltd;**
- **JV Name: ERMC-MADI-LTRC JV, Lead: MADI CONSULTANCY PVT. LTD., Sub: Lakshya Training and Research Centre Pvt. Ltd., Sub: Environment and Resource Management Consultant (P.) Ltd;**
- **JV Name: GEOCE-ECoCoDENepal JV, Lead: ENGINEERING CONSULTANCY FOR CONSTRUCTIVE DEVELOPMENT EFFORTS IN NEPAL PVT.LTD, Sub: GEOCE Consultant (P) Ltd.**

Request for Proposal is available at Department of Water Resources and Irrigation, **Irrigation Feasibility Study and Construction Quality Program**, **Jawalakhel, Lalitpur** and shall be delivered on or before 12:00 hours of 19th February 2025.


# सहरी क्षेत्रमा आगलागी नियन्त्रणका लागि 'ड्राइ राइजर'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगलागी हुँदा दमकल जान नसक्ने साँघुरा सडक तथा गल्लीमा 'ड्राइ राइजर' जडान गर्न सुरू गरेको छ । महानगरको विपद् व्यवस्थापन विभागले यस कार्यलाई तीव्ररूपमा अगाडि बढाएको छ भने केन्द्रीय योजनामा नभएका ठाउँमा वडाहरूले पनि वडाकै बजेटबाट यो प्रणाली जडान गरिरहेको छ ।

कामपाको ६, ७, ९, १३, १७, १८, २१, २५ र २७ मा 'ड्राइ राइजर' जडान भइसकेको छ भने अन्य वडाहरूमा पनि आवश्यकताअनुसार उक्त प्रविधि जडानको काम भइरहेको नगर प्रहरी उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिए । उनका अनुसार कामपाका कतिपय भित्री गल्ली दमकल र एम्बुलेन्स छिर्न नसक्ने किसिमका छन् । साँघुरा गल्लीमा आगलागी वा अन्य विपत्जन्य घटना हुँदा नियन्त्रण कठिन हुने हुँदा उक्त प्रविधि जडान गरिएको हो ।





जोशीले भने, 'यसले अग्नि नियन्त्रणमा ठूलो सहयोग गर्ने विश्वास छ ।' उनका अनुसार ड्राइ राइजर पाइप खनेर भित्री गल्लीहरूमा पुऱ्याइएको छ भने ठाउँठाउँमा दमकलको पानी पठाउने पाइप जडानका लागि 'आउटलेट' राखिएको छ । करिब ३० मिटरको अन्तरमा आउटलेटहरू राखिएका छन् । दमकल जान नसक्ने साँघुरा सडक तथा गल्लीमा हुने आगलागीका समयमा आगो निभाउन प्रयोग गर्न सकिनेगरी राखिएको सुक्खा पाइपलाइन ड्राइ राइजर हो । यदि पाइपमा नियमित पानी बगिरहन्छ भने यसलाई 'वेट राइजर' भनिन्छ ।

ड्राइ राइजरको दुवैतर्फ दमकल पुग्ने ठाउँमा 'इनलेट भल्व' राखिएको हुन्छ । यसपछिका ४५ मिटरदेखि ७५ मिटरसम्मको दूरीमा आउटलेट राखिएका हुन्छन् । दमकलको पानी 'इनलेट'मा राखेपछि आवश्यकताका आधारमा 'पाइपलाइन'का बीचमा जुनसुकै 'आउटलेट' खोले पनि पानी प्राप्त हुन्छ । यसले आगो नियन्त्रण गर्न गरिन्छ । दमकलबाट आठ बारको प्रेसरमा पानी पठाउँदा साततले अग्लो भवनमा आगो निभाउन सकिने प्रेसरमा पानी पुग्ने महानगरको भनाइ छ ।

### ड्राइ राइजर कसरी काम गर्छ ?

भित्री गल्लीमा पाइपबाट दमकलको पानी पठाउने पारेको संरचनालाई 'ड्राइ राइजर' भनिन्छ । सामान्य भाषामा 'पाइपलाइन' भनेर बुझ्दा हुन्छ । तर, दकमलको पानी निकै फोर्सले आउने भएकाले यो पाइप अन्य पाइपभन्दा बाक्लो हुन्छ आउटलेटहरू पनि बलिया हुन्छन् ।

यसरी तयारी अवस्थामा राखिएको पाइपमा दमकलको पाइपको मुख (होज) जोडिन्छ । त्यसपछि मात्रै 'फायर फाइटिङ' गरिन्छ । यस प्रकारको पाइपलाइन जडान गर्दा धेरै खर्चिलो नहुने भएकाले सहरी क्षेत्रमा प्रभावकारी हुन्छ ।


**पर्यटनको नयाँ गन्तव्य**

## लिम्चुङबुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**बाराहा, उदयपुर, नेपाल**

## औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०६**

यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई चालु आ.न.२०८१/०८२ का लागि आवश्यक आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामग्रीहरु सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/ तथा आपूर्तिकर्ताहरूबाट निम्न शर्तहरूको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरूः**

१. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरु तथा आपुर्तिकर्ताहरूले चालु आ.ब. २०८१/८२ को लागि नवीकरण भएको व्यवसाय दर्ता पमाण-पत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न राखी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ ।
२. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहा, उदयपुरको सम्पर्क नं. ९८४२८२५९५२/९७४९२३१२६२, E-mail: ito.limchunbunmun@gmail.com साथै PPMO website www.bolpatra.gov.np मा हेर्न सकिनेछ ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरूले दरभाउपत्र पेश गर्दा PPMOÚs e–GP system www.bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउ पेश गर्नु पर्ने छ ।

**दरभाउपत्र फाराम खरिद दस्तुरको बैंक दाखिला सम्बन्धी जानकारीः**

- दरभाउपत्र फारम दस्तुरः रू. १०००
- बैंकको नाम र ठेगानाः नेपाल एस. बि. आई बैंक लि., लिम्चुङबुङ शाखा कार्यलय
- कार्यालयको नामः लिम्चुङबुङ गाउँपालिका, बाराहा, उदयपुर
- खाता नं. (आन्तरिक राजस्व खाता) ४३२९५२४१२०७००४
- राजस्व शीर्षका नम्बरः Ga.1.1 Antarik Rajaswa Khata

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा PPMOÚs e–GP system www.bolpatru.gov.np/egp मार्फत मिति २०८१/१०/२० गते दिनको १२:०० बजे दर्ता गराई सक्नुपर्नेछ ।
५. दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र मिति २०८१/१०/२० गते दिनको १४:०० बजे दरभाउपत्र दाता आफै वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
६. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ३० दिनको हुनेछ ।
७. दरभाउपत्र दाताले जमानत बापतको रकम रू. ३०,००० नगदै जम्मा गर्नु पर्ने भएमा लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहाको नेपाल एस.बि.आई. बैंक शाखा कार्यालय लिम्चुङबुङ स्थित **'धरौटी खाता' खाता नं. ४३२२५२४०६००००३** मा धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ४५ दिनको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।
८. पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्ण रूपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।
९. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा २४ महिना एक्सपाइरी म्याद हुनु पर्ने छ ।
१०. दरभाउपत्र दाताले कार्यालयको निर्देशन बमोजिमको औषधिको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नुपर्ने छ ।
११. दरभाउपत्र दाताले सप्लाई गर्ने औषधी WHO–GMP Certified कम्पनीको हुनु पर्ने छ ।
१२. दरभाउपत्रमा उल्लेखित सामाग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउपत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।
१३. दरभाउपत्र दाताले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधि प्याकिङ्ग (स्ट्रीप, बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र **'नेपाल सरकारवाट निःशुल्क वितरणको लागि' वा 'यो औषधि बिक्रिका लागि होइन'** भनी प्याकिङ्गमा स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ । सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन ।
१४. सप्लाई हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोतलमा प्याकिङ भएको हुनु पर्ने छ ।
१५. दरभाउपत्र पेश गर्दा औषधि तथा सर्जिकल सामानाहरूको Price Schedule अनिवार्य पेश गर्नु पर्ने छ साथै उक्त Price Schedule र e–Bid मा पेश भएको BOQ को भ्याट बाहेकको रकमको आधारमा मूल्याङ्कन हुनेछ ।
१६. दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ साथै अपलोड गर्ने कागजातहरु PDF format मा हुनुपर्नेछ ।
१७. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हनेछ ।

**ठेक्का सम्बन्धी विवरणः**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | इस्टिमेट अंक (भ्याट सहित) | ठेक्का जमानत रकम रू. | दरभाउपत्र फारम दस्तुर रू. | कै. |
|---|---|---|---|---|---|---|
| १ | LRM/UDA/SQ/Goods/01/2081/82 | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामाग्रिहरू खरिद | ११३५०००/- | ३००००/- | १०००/- | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# बलिदानी दिवसको सार्थकता

**मुलुकमा संघीयता स्थापना गर्न मधेस आन्दोलनले पुऱ्याएको योगदानलाई बिर्सन मिल्दैन । किनकि उक्त आन्दोलनमा धेरैले बलिदानी दिए, देशको व्यवस्था बदल्न । आज मुलुक जुन संरचना र व्यवस्थामा अघि बढेको यसमा मधेस आन्दोलनका क्रममा सहिद भएकाहरूको योगदान अतुलनीय छ । मधेस आन्दोलनलाई सम्झाउने मुख्य दिन हो माघ ५ गते । १८ वर्ष पहिला अर्थात् ५ मंसिर २०६३ मा मधेस आन्दोलनका पहिलो सहिद बनेका थिए, रमेशकुमार महतो । आन्दोलनका क्रममा सिराहाको तत्कालीन मझौरा गाविस–५ का महतोको मृत्यु भएको थियो । त्यसैले मधेस केन्द्रित दलहरूले माघ ५ लाई प्रत्येक वर्ष बलिदानी दिवसको रूपमा मनाउँदै आएका छन् ।**

**यस वर्ष पनि शनिबार बलिदानी दिवस मनाइयो । मधेस प्रदेश सरकारले १८औं बलिदानी दिवस विशेष कार्यक्रमसहित मनायो । मधेसकेन्द्रित दलहरूले पनि सभा तथा कार्यक्रम आयोजना गरी बलिदानी दिवस मनाए । यसले मधेसका सहिदहरूको योगदानलाई उजागर गर्ने र उनीहरूप्रति श्रद्धा अर्पण गर्ने अवसर दिएको छ । यद्यपि, बलिदानी दिवस यतिमा मात्र सीमित छैन, रहनु हुँदैन । यस दिवसका अवसर पारेर सहिदको सालिकमा माल्यार्पण गर्ने र उनीहरूको चर्चा गरेर औपचारिकता पूरा गर्नुमात्र ठीक होइन । उनीहरूले केका लागि बलिदानी दिएका थिए, त्यो पूरा गर्नेतर्फ नेतृत्व लाग्नुपर्ने हो, तर त्यो देखिँदैन ।**

**मधेस आन्दोलनले एक समय जुन शक्ति आर्जन गरेको थियो, आज त्यो छैन । नेतृत्वमा रहेकाहरू सत्तामोहमा फसेका कारण मधेसको शक्ति विभाजित बन्दै गयो । मधेसवादी दलहरू टुक्रा–टुक्रा बन्दा मधेसले आर्जन गरेको शक्तिमासमेत क्षयीकरण हुन पुग्यो । अहिले मधेस आन्दोलनका नेतृत्वहरू यत्रतत्र छरिएका छन् । यहाँ मूल चिन्ताको विषय के हो भने सहिदका सपनाहरू अझै अधुरै छन् । सहिद परिवार पीडामुक्त हुन सकेका छैनन् । आफ्ना परिवारका सदस्य गुमाए पनि उनीहरूले जुन परिवर्तनका लागि बलिदानी दिएका थिए, त्यो अधुरै देख्दा पीडितको हृदयमा शान्ति मिल्ने अवस्था नै रहन्न । त्यसैले राजनीतिक नेतृत्व, विशेषगरी मधेस आन्दोलनका नेतृत्वकर्ताहरू यो विषयमा गम्भीर बन्न जरुरी छ ।**

**त्यसो त मधेस आन्दोलनका सहिदमात्रै होइन, मुलुकभरबाट परिवर्तनका लागि आफ्नो प्राणको आहूति दिएका सम्पूर्ण सहिदको सपना पूरा हुन सकेका छैनन् । ती अपूरा सपनाहरू पूरा गराउने दायित्व वर्तमान नेतृत्वको हो । प्रत्येक वर्ष बलिदानी दिवस मनाएर मात्रै उपलब्धि हासिल हुने होइन । त्यसैले व्यक्तिगत एवं समूहगत स्वार्थलाई त्यागेर मुलुकको समृद्धिका लागि काम गर्नु अपरिहार्य छ । यसो गर्न सकेमात्र बलिदानी दिवसले सार्थकता पाउने छ, औपचारिकतामा सीमित बन्ने छैन ।**

**रोजगार सरोकार**

## खाडी मुलुकमा रोजगारीमा जानुअघि यी कुरा जानिराखौं

खाडी मुलुकहरू नेपालीहरूको प्रमुख रोजगार गन्तव्यका रूपमा रहेका छन् । ती मुलुकहरूमा लाखौंको संख्यामा नेपालीहरू रोजगारीका लागि पुगेका छन् । नेपाल सरकारले ती मुलुकहरूमा जाने कामदारका लागि 'फ्रि भिसा, फ्रि टिकट' को नियम लागू गरेको छ । म्यानपावर कम्पनीले यी मुलुकमा कामदार पठाउँदा सेवा शुल्कबापत १० हजार रूपैयाँ मात्र लिन पाउँछन् ।

खाडी मुलुकअन्तर्गत साउदी अरेबिया, बहराइन, कतार, संयुक्त अरब इमिरेट्स (युएई), कुवेत तथा ओमन पर्दछन् । यी मुलुकहरू पेट्रोलियम पदार्थ तथा प्राकृतिक ग्यासका लागि धनी देश हुन् । त्यहाँ खेतीयोग्य जमिन अत्यन्त थोरै छ । यद्यपि, साउदी अरेबियामा तुलनात्मक रूपमा बढी खेतीयोग्य जमिन छ । साउदी अरेबिया, कतार, युएईलगायतका मुलुकहरूमा मुख्यरूपमा खजुरको खेती र निर्यात हुन्छ । तरकारी तथा फलफूलको पनि खेती हुन्छ ।

यी देशको तापक्रम न्यूनतम १० डिग्री सेल्सियसदेखि अधिकतम ५२ डिग्री सेल्सियससम्म पुग्छ । खाडीका सबै मुलुकहरूमा इस्लाम प्रमुख धर्म हो । रमादानको समयमा सूर्योदयदेखि सूर्यास्त नभएसम्म सार्वजनिक ठाउँमा खाने, पिउनेजस्ता कार्य गर्नुहुन्न । यस्तो कार्य गरेमा दण्डनीय हुने व्यवस्था छ । यी मुलुकहरूमा ईद उल फित्र, उद उल अदा, नेसनल डेजस्ता बिदाहरू हुने गर्दछन् ।

खाडीका मुलुकहरू संवैधानिक राजतन्त्रात्मक शासन व्यवस्था भएका मुलुकहरू हुन् । यी मुलुकमा प्रधानमन्त्री तथा मन्त्री राजाद्वारा नियुक्त हुने गर्दछन् । खाडी मुलुकमा महिला, वृद्धवृद्धालाई विशेष सम्मान गर्नुपर्दछ । कुनै पनि महिलालाई एकोहोरो नजरले हेर्नु दण्डनीय ठहरिन्छ । यसैगरी कतिपय पार्कहरूमा परिवारसँग मात्र जान अनुमति दिइएको हुन्छ ।

लैंगिक सवालमा पनि ती मुलुकहरूका कानुन निक्कै कडा छ । कतार, युएईलगायतका मुलुकहरूमा महिला र पुरुषबीचमा समान कामका लागि भेदभाव गर्न पाइन्न । कतिपय मुलुकमा सरिया कानुन (इस्लामिक धर्ममा आधारित कानुन) लाई मान्यता दिइएकाले महिलाहरूलाई रोजगारीमा पुरुषको तुलनामा अवसर कम छ । राजनीतिमा महिलाको सहभागितासमेत निकै कम छ ।

बलियो कानुन हुँदाहुँदै पनि महिला श्रमिक शारीरिक हिंसाको घटनामा पर्ने गर्दछन् । विशेषगरी सहकर्मी पुरुष कामदारबाट यौनजन्य हिंसाका घटना हुने, शारीरिक तथा मानसिक हिंसा पनि हुन सक्दछ । नेपालको तुलनामा खाडीका मुलुकहरूमा सवारीसाधन तीव्र गतिमा चलाइन्छ । खाडी मुलुकहरूमा सडकको दाहिनेतर्फबाट सवारी चल्दछन् ।

# लगानीकर्ताले कसरी लिने कानुनी लाभ



■ अचुतकुमार ओझा

> लगानीमा सफलता हात पार्न हरेक लगानीकर्ताले भइरहेका कानुनी व्यवस्थाहरूको सूक्ष्म अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ । यस्तो स्वभावले कानुनभित्र रहेका अवसर पहिल्याएर अन्य लगानीकर्तालेभन्दा थप फाइदा उठाउनसक्ने वातावरण सिर्जना हुन्छ । यस आलेखमा भनिएजस्तै लगानीको लागत घटाएर, जरिवाना जोगाएर, तिर्नुपर्ने कमिसन कानुनतः कम तिरेर र विभिन्न कर्जाको तुलनात्मक लाभ उठाएर एउटा लगानीकर्ताले चिल, बाजजस्तै आफ्नो सम्पत्तिको उडान भर्नसक्ने कानुनी घेराभित्र प्रचुर आधार हुने गर्छ । यसैले समृद्ध बन्न चाहने हरेक लगानीकर्ताले राज्य र नियामकले बनाएको कानुन पढेर, बुझेर अनुशासनसहित अभ्यासमा ल्याएर जसरी सुन्तला निचोरेर रस निकालिन्छ त्यसरी नै कानुनी व्यवस्थालाई निचोरेर लगानीमा प्रतिफलको जुस निकाल्न सक्नु नै सफल बन्ने मूल मार्ग हो ।

धितोपत्र बजार जोखिम र सम्भावनाको पिङ हो । यहाँ हरेकले कमाउन र रमाउन सक्छन् तर अरूको देखासिकीमा नबुझी र नजानी प्रवेश गरेका प्रत्येक लगानीकर्ताले गुमाउने निश्चित छ । धितोपत्र बजार यस्तो ठाउँ हो, जहाँ १० प्रतिशतले कमाउने र ९० प्रतिशतले गुमाउने गर्छन् । यसैले कयौंले यसलाई अपव्याख्या गरेर जुवाको संज्ञा दिएका छन् तर यो क्षेत्र त्यसो नभई जोखिमले भरिएको भरपुर खजाना हो । जानेर झिक्न सक्ने हो भने बहुमूल्य सम्पत्ति प्राप्त हुने छ तर लहडमा दौडिन थाल्यौं भने भएकै धन पनि गुम्ने पक्का छ । यस्तो बजारलाई व्यवस्थित र मर्यादित ढंगबाट सञ्चालन गर्न र बजारमा हुने अराजक गतिविधिलाई नियमन र नियन्त्रण गर्न राज्य वा नियामक निकायहरूले नीति नियम बनाउने गर्दछन् ।

हरेक लगानीकर्तालाई कानुनको सीमाभित्र अवसरको पहिचान गरेर परिणामहरू प्राप्त गर्न सक्ने स्थान उपलब्ध गराइएको हुन्छ । तर ती सीमाभित्रका सम्भावनाहरू लगानीकर्ताले तब देख्न र बुझ्न सक्ने हुन्छन् जब त्यसको अध्ययन, अभ्यास र छलफलमा सहभागी हुने समय र आँटका लागि स्वयंले आफूलाई प्रोत्साहित गर्न थाल्छ । यसरी उत्साहित लगानीकर्तामध्ये गहिरो र गम्भीर ढंगबाट आफूलाई प्रस्तुत गर्नेहरूले त्यही नियमभित्र पनि अरूलेभन्दा बढी फाइदाका छिद्र पहिल्याएका थुप्रै उदाहरण छन् । यस आलेखमा प्रचलित केही कानुनी व्यवस्थाभित्र नबुझी लगानी गर्दा र बुझेर गर्दा एउटा लगानीकर्ताले कसरी तुलनात्मकरूपमा बढी लाभ लिन सक्छ भन्ने देखाउन खोजिएको छ ।

### धितोपत्र कारोबार कमिसनसम्बन्धी व्यवस्था

लगानीकर्ताले धितोपत्रका उपकरण सेयर, डिबेञ्चर, बन्ड र म्युचुअल फन्ड आदिको कारोबार गर्दा धितोपत्र दलाल, नेपाल स्टक एक्सचेन्ज (नेप्से), धितोपत्र बोर्ड (सेबोन) र निक्षेप सदस्यहरूलाई विभिन्न किसिमको दस्तुर तिर्नुपर्ने हुन्छ । जुन कारोबार रकमका आधारमा निर्धारण हुने गर्छ ।

### क) सेयर कारोबार:

धितोपत्र बजारमा सेयर कारोबार रकम सीमाको आधारमा कमिसन तिर्नुपर्ने हुन्छ । ५० हजार रूपैयाँसम्मलाई ०.३६ प्रतिशत, ५० हजार रूपैयाँभन्दा माथि पाँच लाख रूपैयाँसम्मलाई ०.३३ प्रतिशत, पाँच लाखभन्दा माथि २० लाख रूपैयाँसम्मलाई ०.३१ प्रतिशत, २० लाखभन्दा माथि एक करोड रूपैयाँसम्मलाई ०.२७ प्रतिशत र एक करोड रूपैयाँभन्दा माथिको हकमा ०.२४ प्रतिशत रहेको छ ।

### ख) बन्ड र डिबेञ्चर कारोबार

धितोपत्र बजारमा कारोबार हुने नेपाल सरकार, राष्ट्र बैंक र कर्पोरेट संस्थाले जारी गरेका बन्ड र डिबेञ्चरको हकमा पाँच लाख रूपैयाँसम्म ०.१० प्रतिशत वा १० रूपैयाँ जुन बढी हुन्छ सो बराबरको दस्तुर लाग्ने गर्छ । पाँच लाख एक रूपैयाँदेखि ५० लाख रूपैयाँसम्म ०.०५ प्रतिशत र ५० लाख रूपैयाँभन्दामाथि ०.०२ प्रतिशत दस्तुर लाग्ने गरेको छ ।

### ग) म्युचुअल फन्ड तथा अन्य धितोपत्र कारोबार

धितोपत्र बजारमा कारोबार हुने खुला तथा बन्दमुखी म्युचुअल फन्ड र अन्य धितोपत्र उपकरण जुन माथि उल्लेख गरिएका छैनन्, त्यसको हकमा पाँच लाख रूपैयाँसम्म ०.१५ प्रतिशत वा १० रूपैयाँ जुन बढी हुन्छ सो बराबरको दस्तुर लाग्ने गर्छ । पाँच लाख एक रूपैयाँदेखि ५० लाख रूपैयाँसम्म ०.१२ प्रतिशत र ५० लाख रूपैयाँभन्दा माथि ०.१० प्रतिशत दस्तुर लाग्ने गरेको छ ।

धितोपत्र कारोबारमा लगानीकर्ताबाट लिइएको माथि उल्लेखित सत्प्रतिशत दस्तुरमध्ये ७९.४० प्रतिशत धितोपत्र दलाललाई, २० प्रतिशत नेप्सेलाई, ०.०६ प्रतिशत सेबोनलाई भाग लगाइन्छ । माथि उल्लेख गरिएबाहेक सेबोनलाई धितोपत्र हस्तान्तरणबापत थप शुल्क कारोबार रकमको ०.०१ प्रतिशत तिर्नुपर्ने हुन्छ ।

यस्तै, प्रतिस्टक प्रतिदिन हुने हस्तान्तरणका आधारमा डिपोजिटरी पाटिसिपेन्ट (डिपी) ट्रान्जेक्सन चार्ज २५ रूपैयाँसमेत लगानीकर्ताले आफूले धितोपत्र कारोबार गर्दा कमिसन तिर्नुपर्ने हुन्छ ।

### लाभ

यस नियम नबुझेकालेभन्दा बुझेका लगानीकर्ताले विभिन्न अवस्थामा धितोपत्र कारोबार गर्दा लाग्ने कमिसन बचाउन सक्ने परिस्थिति हुन सक्छ । उदाहरणका रूपमा २० लाख रूपैयाँको सेयर खरिद गर्दा ०.३१ प्रतिशत अर्थात् छ हजार २०० रूपैयाँ कमिसन तिर्नुपर्ने हुन्छ । तर २० लाख एक रूपैयाँको सेयर खरिद गर्ने हो भने ०.२७ प्रतिशत अर्थात् पाँच हजार ४०० रूपैयाँ कमिसन तिर्नुपर्ने हुन्छ । यसरी एउटा कारोबारमा कमिसनबापत १२ प्रतिशत अर्थात् ८०० रूपैयाँ बचाउन सकिन्छ । यस्तै, आफूले खरिद गरेको वा बिक्री गरेको धितोपत्रको कमिसनपछिको वास्तविक तिर्नुपर्ने वा पाउनुपर्ने रकम थाहा पाउन सकिन्छ ।

### पुँजीगत लाभकरसम्बन्धी व्यवस्था

पुँजीगत लाभकरको दृष्टिले लगानीकर्तालाई संस्थागत र व्यक्तिगत गरी दुई किसिमले हेरेको देखिन्छ । व्यक्तिगत लगानीकर्ताको हकमा सम्बन्धित व्यक्तिले खरिद गरेर एक वर्षभन्दा लामो समय अवधि राखेर बिक्री गरेमा पुँजीगत लाभको पाँच प्रतिशत र एक वर्षभन्दा कम अवधि राखेर बिक्री गरेमा ७.५ प्रतिशतको दरमा पुँजीगत लाभकर लाग्ने व्यवस्था गरिएको छ । यस्तै, संस्थागत लगानीकर्ताहरूको हकमा जुनसुकै अवधिमा धितोपत्र बिक्री गरेता पनि पुँजीगत लाभ भएमा १० प्रतिशत पुँजीगत लाभकर लाग्ने व्यवस्था रहेको छ ।

यस व्यवस्था जान्ने र कारोबारका क्रममा अभ्यासमा ल्याउने हो भने वास्तविकरूपमा पुँजीगत लाभकरबापत काटिएको रकम ठीक छ छैन थाहा पाउन सकिन्छ । यस्तै, व्यक्तिगत लगानीकर्ताले कारोबारका क्रममा समयलाई ख्याल नगर्दा पुँजीगत लाभमा बढी कर तिर्नुपरेको हुनसक्छ, त्यसबाट लाभ लिन सकिन्छ । उदाहरणका रूपमा मानौं कुनै सेयर खरिद गरेको ३६० दिनमा बिक्री गर्दा एक लाख तीन सय पुँजीगत लाभ भएछ भने ७.५ प्रतिशत पुँजीगत लाभकर अर्थात् सात हजार ५०० रूपैयाँ भुक्तानी गर्नुपर्छ तर त्यही सेयर ३६६ दिनमा बिक्री गरियो र एक लाख रूपैयाँ नै पुँजीगत लाभ भएछ भने पाँच प्रतिशत पुँजीगत लाभकर अर्थात् पाँच हजार रूपैयाँ भुक्तानी गर्दा पुग्छ । यसले के प्रस्ट गर्छ भने समयलाई ध्यान दिएर कारोबार गर्ने हो भने केही दिनको अन्तरालमा लगानीकर्ताले २.५ प्रतिशत अर्थात् एक लाख रूपैयाँ पुँजीगत लाभमा दुई हजार ५०० रूपैयाँ बचत गर्न सक्ने अवस्था बन्छ ।

### सेयर धितो कर्जासम्बन्धी व्यवस्था

आफूसँग भएको सेयर बैंक तथा वित्तीय संस्थाहरूमा बन्धकी राखेर कर्जा लिने व्यवस्था नै सेयर धितो कर्जा हो । यसरी कर्जा लिनका लागि आफूसँग योग्य कम्पनीको सेयर छ भने आफ्नो आवश्यकताअनुसार सम्बन्धित निकायमा आवेदन दिन सकिन्छ र उक्त वित्तीय संस्थाले आवेदक र धितोलाई योग्य ठानेमा कर्जा दिन सक्छ । यस्तो कर्जाको हकमा ५० लाख रूपैयाँभन्दा कम भएमा पछिल्ला १८० कार्यदिनको अन्तिम बजार मूल्यको औसत मूल्य वा त्यस दिनको अन्तिम बजार मूल्यमध्ये जुन कम छ त्यसको १०० अंकभारका आधारमा कर्जा दिन सकिने व्यवस्था गरिएको छ भने ५० लाख रूपैयाँभन्दा बढीको हकमा ७० अंकभारका आधारमा कर्जा दिन सकिने व्यवस्था गरिएको छ ।

यसको अर्थ कर्जा लिन चाहने व्यक्तिले आफ्नो सेयर सुरक्षण गर्दाको बखत मूल्यांकन गरिएको चलनचल्तीको दरभाउको निश्चित प्रतिशत कर्जा पाउने गर्दछ । यसको अवधि एक वर्षको हुने गर्दछ । त्यसपछि नवीकरण गर्न सकिन्छ । यसैले मूल्यांकित सेयर धितो राखेर ५० लाख रूपैयाँसम्मको हकमा १०० प्रतिशत र ५० लाख रूपैयाँभन्दा माथिको हकमा ७० प्रतिशतसम्म कर्जा प्रवाह हुने व्यवस्था नै सेयर धितो कर्जा हो । यस्तो कर्जा भुक्तानी गरेर धितो फुकुवा नभई सेयर बिक्री गर्ने गरेमा 'क्लोजआउट' बापत जरिवानासमेत तिर्नुपर्ने हुन्छ । लामो समयका लागि लगानी गर्ने व्यक्तिहरूको हकमा सेयर कर्जा उपयुक्त हुने देखिन्छ ।

सेयर धितो कर्जाका सम्बन्धमा जानकारी हुँदा कति कर्जा लिनका लागि कति सेयर सम्पत्ति आवश्यक छ थाहा पाउन सकिन्छ । यसको तुलनात्मक लाभहरू लिन सकिन्छ । उदाहरणका रूपमा ५० लाख रूपैयाँको कर्जा लिने हो भने ५० लाख रूपैयाँबराबरको सेयर सम्पत्ति मूल्यांकन भए पुग्छ । तर ५० लाख एक रूपैयाँको कर्जा लिने हो भने ७१ लाख ४२ हजार ८५९ रूपैयाँबराबरको सेयर सम्पति मूल्यांकन आवश्यक हुन्छ । यसको अर्थ के हो भने ५० लाख रूपैयाँसम्मको कर्जाका लागि जति कर्जा लिने हो सो बराबरको सेयर सम्पत्तिको मूल्यांकन भए पुग्छ तर त्यसभन्दा माथि एक रूपैयाँमात्रै थपिने हो भने पनि सेयर सम्पत्ति मूल्यांकनको ७० प्रतिशतमात्रै कर्जा पाउने अवस्था हुन्छ । यसैले यस्तो अवस्थामा त्यति नै धितो राखेर आफूलाई बढी कर्जा चाहिएको छ भने आफ्नो नाममा ५० लाख रूपैयाँ र अन्य परिवारका सदस्यका नामबाट बाँकी सेयर किनेर उक्त सेयरलाई धितो राखेर २१ लाख ४२ हजार ८५९ रूपैयाँ थप कर्जा लिन सकिन्छ ।

### मार्जिन कर्जासम्बन्धी व्यवस्था

नेपाल धितोपत्र बोर्ड र नेप्सेले जारी गरेका 'मार्जिन' कारोबार सुविधासम्बन्धी निर्देशन, २०७४ र 'मार्जिन' कारोबार सुविधासम्बन्धी कार्यविधि, २०७५ मा भएको कानुनी व्यवस्थाभित्र रहेर 'मार्जिन' कर्जा कारोबार गर्न योग्य दलाल व्यवसायीमार्फत योग्य कम्पनीका धितोपत्र उपकरणका हकमा 'मार्जिन' कारोबार सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । 'मार्जिन' कर्जा लिएर धितोपत्र खरिद गर्दा पछिल्ला १८० कार्यदिनको अन्तिम बजार मूल्यको औसत मूल्य वा त्यस दिनको अन्तिम बजार मूल्यमध्ये जुन कम छ त्यसको निश्चित प्रतिशतले हुन आउने रकम लगानीकर्तासँग आदेश पूर्व नै सुरु 'मार्जिन' दिन लगाएर बाँकी स्वयं 'मार्जिन' कर्जा दिनयोग्य दलाल व्यवसायी आफैंले खरिदकर्ताका तर्फबाट बिक्रेतालाई भुक्तानी गरिदिने गरी गरिने कर्जा सुविधा नै 'मार्जिन' कर्जा हो । यसरी किनिएको धितोपत्रको बजार मूल्य घट्दै गएमा दलाल व्यवसायीले अपुग रकम बराबरको 'मार्जिन' कल सम्बन्धित खरिदकर्तालाई जाने गर्दछ । यस्तो 'मार्जिन' समयमा तिर्न नसक्ने वा नटेर्ने लगानीकर्ताको हकमा दलाल व्यवसायीले उक्त धितोपत्र बिक्री गर्न सक्छ ।

'मार्जिन' कर्जामा तोकिएको भुक्तानी गरेर सत् प्रतिशतको धितोपत्र खरिद गर्न सकिन्छ भने सेयर धितो कर्जामा सत्प्रतिशत सेयर बन्धकी राखेर तोकिएको प्रतिशत कर्जामात्रै पाउन सकिन्छ । उदाहरणका रूपमा 'मार्जिन' कर्जालाई प्रयोग गरेर तपाईसँग ३०० रूपैयाँ छ भने एक सय रूपैयाँको धितोपत्र खरिद गर्न सक्नुहुन्छ । यसको अर्थ के हो भने खरिदपूर्व ३० प्रतिशत 'मार्जिन' भुक्तानी गरेर त्यसको १०० प्रतिशतको धितोपत्र सम्पत्ति खरिद गर्ने सुविधा 'मार्जिन' कर्जाले दिने गर्छ । यसले लगानीकर्तासँग थोरै रकम हुँदासमेत धेरै सेयर किन्न सक्ने र जोखिम लिनसक्ने अवसर सिर्जना गर्छ । धितोपत्र बिक्री गर्न सेयर धितो कर्जामा जस्तो फुकुवा गरिरहनु पर्दैन । कारोबारी वा छोटो अवधिका लागि लगानी गर्नेहरूको हकमा यो कर्जा सुविधा धेरै उपयुक्त देखिन्छ । बजारमा धितोपत्रको कारोबार वृद्धि गर्न मद्दत गर्नसक्ने देखिन्छ ।



यसरी हेर्ने हो भने लगानीमा सफलता हात पार्न हरेक लगानीकर्ताले भइरहेका कानुनी व्यवस्थाहरूको सूक्ष्म अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ । यस्तो स्वभावले कानुनभित्र रहेका अवसर पहिल्याएर अन्य लगानीकर्तालेभन्दा थप फाइदा उठाउनसक्ने वातावरण सिर्जना हुन्छ । माथि भनिएजस्तै लगानीको लागत घटाएर, जरिवाना जोगाएर, तिर्नुपर्ने कमिसन कानुनतः कम तिरेर र विभिन्न कर्जाको तुलनात्मक लाभ उठाएर एउटा लगानीकर्ताले चिल, बाजजस्तै आफ्नो सम्पत्तिको उडान भर्नसक्ने कानुनी घेराभित्र प्रचुर आधार हुने गर्छ । यसैले समृद्ध बन्न चाहने हरेक लगानीकर्ताले राज्य र नियामकले बनाएको कानुन पढेर, बुझेर अनुशासनसहित अभ्यासमा ल्याएर जसरी सुन्तला निचोरेर रस निकालिन्छ त्यसरी नै कानुनी व्यवस्थालाई निचोरेर लगानीमा प्रतिफलको जुस निकाल्न सक्नु नै सफल बन्ने मूल मार्ग हो । *रासस*

*(लेखक धितोपत्र बजारका जानकार हुन्)*

# मझौराका २०० भन्दा बढी बालबालिकाले छाडे विद्यालय

■ सञ्जीतकुमार मण्डल

**जलेश्वर–** महोत्तरीको मटिहानी नगरपालिका वडा नम्बर ४ को मझौरा गाउँका २०० भन्दा बढी बालबालिका विगत दुई महिनादेखि विद्यालय गएका छैनन् ।

मझौरा गाउँ प्रवेश गरेसँगै दाहिनेतर्फ ७५ घर मुसहर समुदायका छन् । यहाँका २०० भन्दा बढी बालबालिका गत मंसिर महिना सुरू भएदेखि नै विद्यालय जान छाडेका छन् । मुसहरी (मुसहर बस्ने) टोलभन्दा केवल ३०० मिटर दूरीमा रहेको श्री माध्यमिक विद्यालय मझौरामा बाल कक्षादेखि विभिन्न कक्षामा पढ्दै आएका मुसहरका बालबालिकाले मंसिर र पुस महिना एक दिन पनि विद्यालय टेकेनन् ।



स्थानीय मुसहर अगुवा अघनु सदाका अनुसार गरिब र विपन्न यस बस्तीका बालबालिका जाडोकै कारण दुई महिनादेखि विद्यालय नगएका हुन् । स्थानीय ६० वर्षीया सुनैनादेवी सदाले बालबालिकाको जीउमा पर्याप्त न्यानो लुगाफाटा नभएको, खानेकुराको अभाव र जीउ न्यानो बनाउन आगोसमेत अभाव भएको बताए । जाडो महिना सुरू भएदेखि नै उनीहरू विद्यालय नगएको सोही ठाउँकी ६५ वर्षीया महिला बासोदेवी सदाले बताइन् ।

खर, पराल र पात पतिंगर सोहोरेर जेनतेन खाना पकाएर खाइरहेका मुसहरलाई जाडोको महिना निक्कै कष्टकर हुने गरेको भन्दै स्थानीय ७२ वर्षीया कोशिलादेवी सदाले घरबाहिर गएमा स्वास्थ्य बिग्रने डरले बालिबालिकालाई विद्यालय जानबाट रोकेको पीडा सुनाइन् । चारैतिर झिक्राझिक्री र खरपातले बनाएका घर, छाना चुहिने, शीत र ओस आउने ह्वांग र त्यसमै एक अर्कासँग टाँसिएर बसेका मुसहरका बालबालिका जाडो छल्नकै लागि विद्यालय नगएका हुन् ।

नबस्ने घर, न खाने अन्न र त्यसमाथि कठ्यांग्रिँदो जाडोले उनीहरूको रोजगारी पनि बन्द भएको छ । उनीहरूलाई परिवार पाल्न निक्कै कठिनाइ भएको छ । त्यसमाथि बालबालिकाको पठनपाठन झन बोझझैं भएको छ। स्थानीय ५४ वर्षीय रामसेवक सदाले जाडोको बेला कामकाज गर्न नसकिने, पैसाको अभाव हुने र लुगाफाटोको समस्या रहेको कारण यस बस्तीमा राम्ररी खानपान पनि पुऱ्याउन सबैलाई हम्मेहम्मे भएको बताए । बालबालिकाहरूलाई कठ्यांग्रिँदो जाडोमा घुर ताप्न लगाएर ज्यान जोगाउने गरेको उनले सुनाए ।

यस बस्तीमा जाडोयाममा सबैलाई न्यानो लुगाफाटा, पोषिलो खानपिन र चिसो हावा छल्ने घरको अभाव बर्सेनि हुने गरेको स्थानीय ३९ वर्षीय वीरेन्द्र सदाले बताए । उनले यस्तो अभावको बेला आफूहरूलाई कसैले कहीँबाट कुनै सहयोग नगरेपछि झन् बढी समस्या भएको दुखेसो पोखे ।

बस्ती नजिकै अर्को टोलमा घर रहेको वडाध्यक्ष अब्दुल गफार राईनलाई मुसहर बस्तीको बासिन्दाको पीडाबारे सोध्दा उनले आफू पनि मुसहरको पीडासँग पीडित रहेको बताए । तर, उनीहरूको समस्याको निदान आफ्नो हैसियतले गर्न नसकिने वडाध्यक्ष राईनले बताए । उनले मुसहर बस्तीमा घर निर्माणको योजना पनि अगाडि सार्न खोज्दा त्यहाँ मुसहरसँग जग्गा अभाव रहेको, सबैसँग पर्याप्त जग्गा नरहेको कारण बाहिरी सहयोगले बनाइने एकै खालको घरको परियोजना चाहेर पनि लागू गर्न नसकिएको बताए ।

मुसहर बस्तीका २०० भन्दा बढी बालबालिका विद्यालय नगइरहेको सवालमा वडाध्यक्ष राईनले आफूले विद्यालय पठाउनमात्रै आग्रह गर्ने बताए । तर उनीहरूको बालबालिकाहरूको अभावलाई पूरा गर्नसक्ने अवस्था नरहेको कारण जबर्जस्ती गर्न नसकिने बताए ।

पुस र माघ महिनाको चिसो स्याँठले निम्त्याएको कठ्यांग्रिँदो जाडोबाट बच्न गत साता यस बस्तीमा नेपाली सेनाले प्रतिपरिवार एक एक थान कम्बल बाँडेको सुनाउँदै बस्तीकी ७२ वर्षीया कोशिलादेवी सदाले यो सहयोग अपुग र अपर्याप्त रहेको बताइन् । उनले दाताले प्रतिपरिवार नभएर आवश्यक भएका सबैलाई दिनुपर्ने धारणा राखिन् । उनले एउटा कम्बल बूढापाकालाई दिने कि महिलाले ओढ्ने कि बालबालिकालाई दिने भनी प्रतिप्रश्न गरिन् ।

यस मुसहर बस्तीमा अहिले बूढापाका ठाउँठाउँमा खर, पराल र पातपतिंगर ल्याएर ठूलठूला घुर बालेर आगो ताप्दै दिन बिताउने गरेका देख्न सकिन्छ भने महिला तथा बालबालिका घरभित्र आगो बालेर आगोकै वरिपरि बसिरहेका देख्न सकिन्छ ।

यस्तो अवस्थामा त्यस बस्तीका बालबालिकालाई ज्यान जोगाउनु नै मुस्किल छ । यस बस्तीका मुसहरहरू देशमा तीन तहको सरकार आएको र संघीयताले देश विकासको दिशा लिइरहेको बेला आफूहरूले संघीयता र लोकतन्त्रको अलि कति पनि अनुभूति गर्न नसकेको बताउँछन् । *रासस*

# दिवा खाजाका लागि विद्यालयको कौसीमा तरकारीखेती

**गलकोट (बागलुङ)–** बागलुङ नगरपालिका-९ को तित्याङ माध्यमिक विद्यालयको कौसीमा यतिबेला आलु, बन्दा, काउली र ब्रोकाउली फलेका छन् । उत्पादित तरकारी विद्यालयकै चमेना गृहमा दिवा खाजाका लागि प्रयोग भइरहेको छ । विद्यार्थीले अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यालयको कौसीमा विभिन्न प्रकारका तरकारी फलाएका हुन् । यी तरकारी उनीहरूले आफैं पनि पकाउँछन् भने केही र बिक्री पनि गर्छन् ।





तीन वर्ष पहिले प्रत्येक विद्यार्थीले ५० रूपैयाँ संकलन गरेर ५० वटा गमला किनेका थिए । गमलामा मौसमअनुसारको तरकारी रोप्थे । फलेपछि शिक्षक विद्यार्थीले बाँडेर खान्थे । विद्यालयले विद्यार्थीलाई उत्पादनसँग जोड्न र स्थानीय पाठ्यक्रमअनुसार अध्यापनका लागि 'स्थानीय उत्पादन' शीर्षकमा ५० पूर्णांकको प्रयोगात्मक सिकाइका लागि तरकारीखेतीमा प्रोत्साहन गरेको थियो ।

तित्याङ्का विद्यार्थीले गमलामा तरकारीखेती गरेको जानकारी पाएपछि सामाजिक क्षेत्रमा सक्रिय रहेको संस्थाले सिवाइसीले शिक्षक विद्यार्थीसँग छलफल गरेपछि कक्षा ६ देखि १० सम्मका १६ जना विद्यार्थीलाई समेटेर 'थ्री जिरो क्लब' गठन गरेको थियो । सिवाइसीले जिल्लाका ३५ भन्दा बढी विद्यालयमा 'शून्य गरिबी, शून्य बेरोजगारी र शून्य कार्बन उत्सर्जन' (थ्रि जेरो) नामक क्लब गठन गरी विद्यार्थीलाई व्यावसायिकतामा जोड्दै आएको छ ।

तीन वर्ष पहिलेदेखि प्रयोगात्मक कक्षाका लागि गमलामा तरकारीखेती गर्दै आएका विद्यार्थीलाई गत साउनमा सिवाइसीले बीउविजनसहित कृषि सामग्री उपलब्ध गराएको थियो । मल, तरकारीको बीउ र नर्सरी व्यवस्थापनका लागि विभिन्न उपकरणसमेत सिवाइसीले उपलब्ध गराएको थियो । त्यसयता पक्की भवनको छतमै नर्सरी स्थापना गरेर तरकारी फलाइरहेका छन् । आफैंले उत्पादन गरेको तरकारी दिवा खाजामासमेत उनीहरूले प्रयोग गर्दै आएका छन् । विद्यार्थीले विद्यालयमा मात्र होइन घर-घरमा तरकारीखेती गर्न सुरु गरेका छन् ।

कक्षा शिक्षक बिदामा बसेको समय, दिउँसो खाजा खाने समय र आवश्यकता परेको बेला छुट्टीको दिन विद्यार्थीहरू उत्साहित भएर विद्यालय आउँछन् । उनी दिनभरि नर्सरी र तरकारीखेतीमा रमाउँछन् । विद्यालयको थ्रि जिरो क्लबका संरक्षक तथा शिक्षक भूपेन्द्रबहादुर खड्काले भने, 'क्लबले यसपटक काउली, ब्रोकाउली र विभिन्न प्रकारका सागका विरुवा उत्पादन गरेर विद्यार्थीलाई वितरण गरेको छ ।'

कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने १०० जना विद्यार्थीलाई विभिन्न हिउँदे तरकारीका बिरुवा वितरण गरिएको उनको भनाइ छ । विद्यार्थीले विद्यालयमा मात्रै नभई घरमासमेत आफैं तरकारीखेती गरिरहेको क्लबकी अध्यक्ष सनिसा क्षेत्रीले बताइन् ।

'विदेशमा पढ्दै काम गर्दै गर्ने गरेको सुनिन्छ, यहाँ पनि व्यावहारिक शिक्षाको कुरा हुन्छ,' शिक्षक खड्काले भने, 'देश सुहाउँदो, हाम्रो भूगोल सुहाउँदो व्यावसायिक कृषि प्रणालीलाई थप व्यवस्थित गर्दै विद्यार्थीलाई उत्पादनसँग जोडेर सानो उमेरमै उद्यमी बन्ने प्रेरणा प्रदान गर्नु स्थानीय उत्पादन कार्यक्रम र क्लबको उद्देश्य हो ।'

यस अभियानलाई बागलुङ नगरपालिका वडा नम्बर ९ ले पनि सहयोग गर्दै आएको अध्यक्ष क्षेत्रीले बताए । विद्यालयका प्रधानाध्यापक कुमार उपाध्यायका अनुसार तरकारी उत्पादन र बिक्रीका लागि दुईवटा थ्रि जिरो क्लब छन् । एउटा क्लबले उत्पादनको काम गर्छ भने अर्काले बिक्री वितरणको काम गर्छ ।

विद्यालयको हरेक शुक्रबार हुने अतिरिक्त क्रियाकलाप र विभिन्न विशेष कार्यक्रममा विद्यार्थीले आफूले उत्पादन गरेका तरकारीका परिकार बनाउँछन् र विद्यालयमै शिक्षक र विद्यार्थीलाई बिक्री गर्छन् । बिक्रीबाट भएको आम्दानी तरकारीको बीउ, मल खरिदमा खर्चने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनबहादुर थापाले बताए । *रासस*


बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

## स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

हेटौंडा, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१०/०६**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत यस केन्द्रको स्विकृत स्थायी/ अस्थायी दरबन्दीमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| सि. नं. | विज्ञापन नं. | पद | माग पद संख्या | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८१/८२ | बायोमेडिकल ईन्जिनियर | १ | आठौं तह | |
| २ | २/२०८१/८२ | बायोमेडिकल टेक्निसियन | १ | पाँचौ तह | |
| ३ | ३/२०८१/८२ | ईलेक्ट्रिसियन | १ | पाँचौ तह | |

१. दरखास्त दिने स्थान : स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडा ।

२. परीक्षाको किसिम : अन्तर्वार्ता

३. दरखास्त दिने अन्तिम मिति : २०८१/१०/२० गते आइतबार कार्यालय समय भित्र।

**नोट** : विस्तृत जानकारीको लागी यस केन्द्रको Website:- hlmc.bagamati.gov.np मा हेर्न सक्नु हुनेछ ।



## Infrastructure Development Office

**Bharatpur, Chitwan**

## Invitation for Bids for the procurement of works

**Date of publication: 2081/10/06 (2025-01-19)**

1. Infrastructure Development Office, (IDO,Chitwan) invites electronic bids only from Nepalese eligible bidders for the construction of road contracts as mentioned below:

| S. N. | Contract Id | Name of Project | Estimated amount (excluding VAT and contingencies) | Bid Security Amount(NRs) |
|---|---|---|---|---|
| 1 | IDO/CHT/W/ NCB/22/081-82 | Construction/Upgrading of 4 different Roads in Bharatpur-4 Under Package -22 | 51,65,501.15 | 1,75,000.00 |
| 2 | IDO/CHT/W/ NCB/23/081-82 | Construction/Upgrading of 3 different Roads in Bharatpur-5and 7 Under Package -23 | 47,29,667.95 | 1,60,000.00 |
| 3 | IDO/CHT/W/ NCB/24/081-82 | Construction/Upgrading of 2 different Roads in Bharatpur-6 Under Package -24 | 38,69,205.10 | 1,30,000.00 |
| 4 | IDO/CHT/W/ NCB/25/081-82 | Construction/Upgrading of 3 different Roads in Bharatpur-10,11 Under Package -25 | 68,81,930.50 | 2,33,000.00 |
| 5 | IDO/CHT/W/ NCB/26/081-82 | Construction of 2 Culvert in 2 different Roads Bharatpur-15,18 Under package-26 | 30,00,286.38 | 1,00,000.00 |
| 6 | IDO/CHT/W/ NCB/27/081-82 | Construction/Upgrading of 2 different Roads in Rapti-09 Under Package -27 | 38,56,492.24 | 1,30,000.00 |
| 7 | IDO/CHT/W/ NCB/28/081-82 | Construction/Upgrading of 4 different Roads in Rapti-08,10,11 Under Package -28 | 90,12,813.33 | 3,05,000.00 |
| 8 | IDO/CHT/W/ NCB/29/081-82 | Construction/Upgrading of 4 different Roads in Bharatpur-1,3 Under Package -29 | 81,67,634.50 | 2,76,000.00 |
| 9 | IDO/CHT/W/ NCB/30/081-82 | Construction of 2 Culverts and Drain in Khairahani 1-2-7 Under package-30 | 47,48,500.54 | 1,60,000.00 |
| 10 | IDO/CHT/W/ NCB/31/081-82 | Construction/Upgrading of 3 different Roads in Khairahani 5,6,9 Under package-31 | 90,25,292.78 | 3,05,000.00 |
| 11 | IDO/CHT/W/ NCB/32/081-82 | Latauli Rajwan Mandre dhunga Siraichuli Paryatan Marga Nirman, Kalika & Ichhakamana, Chitwan | 25,80,597.46 | 87,000.00 |
| 12 | IDO/CHT/W/ NCB/33/081-82 | Construction/Upgrading of 5 different Roads in Kalika 2,4,8 & Khairahani 12 Under package-31 | 1,53,63,624.64 | 5,20,000.00 |

2. Cost of each bidding document is NRs. 3,000.00
3. Pre bid meeting shall be held on 2081-10-25 (2025-02-07) at 11:00 pm in IDO, Chitwan.
4. Last Date of bid submission is 2081-11-06 (2025-02-18) at 12:00 pm and bid opening shall take place at IDO, Chitwan on 2081-11-06 (2025-02-18) at 1:00 pm.
5. Detail information related to respective invitation for bid can be obtained from PPMO's e-GP system website http://www.bolpatra.gov.np/egp.PP



नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

जलश्रोत तथा सिंचाइ विभाग

## महाकाली सिंचाइ आयोजना तेस्रो चरण

महेन्द्रनगर, कंचनपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/१०/०६**

यस आयोजनाबाट प्रथम पटक मिति २०८१/०८/१९ मा प्रभाव राष्ट्रिय दैनिक तथा PPMO को e-GP portal, www.bopatra.gov.np/egp मा प्रकाशित बोलपत्रको सूचना बमोजिम म्यादभित्र Online मार्फत पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै वोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

| सि. नं. | ठेक्का पट्टा नं. | छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रु. (मु.अ.कर तथा PS समेत) |
|---|---|---|---|
| १ | MIP/CAP-01/081-82 | Dynamic Construction Pvt. Ltd., Bharatpur-04, Chitwan | रु. ५,९०,६७,२०८।०२ |

**आयोजना निर्देशक**

# प्रभाव दैनिक

रूपशाला


## 'सारंग'को 'तिमी नै हौ' गीत सार्वजनिक

माघ २५ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्म 'सारंग' मा समावेश 'तिमी नै हौ' बोलको गीत सार्वजनिक गरिएको छ । निर्देशक प्रशान्त तामाङको लेखन,निर्माण अनि निर्देशनमा बनेको फिल्मको गीतमा दुई साथी–बालकलाकार आदित्य कार्की र सम्राट् थापाबिचको प्रेम,साथ,समर्पण र आत्मीयता प्रस्तुत गरिएको छ । देवेन्द्र बरालको स्वरमा रहेको गीतको शब्द सुमन सिंगल, संगीत शंकर थापा स्माइलको छ । गीतको कोरियोग्राफी सुष्मा राईले गरेकी हुन् ।







## मौलिक संगीतमा नवीनता थप्न

# सफल गायक पाठक

■ सुन्दर पाण्डे

**काठमाडौं–** रमेश पाठक, नेपाली संगीतमा विशेष स्थान ओगट्न सफल गायक हुन् । जसले आफ्नो बिशिष्ठ गायनशैली र संगीत प्रतिको समर्पणले नेपाली संगीतको उचाइलाई फराकिलो बनाउन योगदान दिएका छन् । परम्परागत नेपाली संगीतको संरक्षण, प्रर्वद्धन र बजारीकरणमा उनले खेलेको भूमिका अतुलनिय छ । सानै उमेरदेखि पाठकमा संगीतको गहिरो मोह थियो । उनले स्थानिय स्तरमा हने बिभिन्न मेला महोत्सव तथा पर्वहरूमा हुने सांगीतिक कार्यक्रमहरूमा सहभागी भई गीत गाउने गर्थे । त्यहीबाट उनमा परम्परागत नेपाली संगीतप्रति गहिरो लगाव उत्पन्न भयो ।

पाठकको आवाजमा प्राकृतिक मिठास थियो, जसलाई उनले मेहनत र अभ्यासको माध्यमबाट अझ निखार्न थाले । शास्त्रीय संगीतको आधारभूत ज्ञानदेखि उनले विभिन्न लोकगीत, भजन र परम्परागत धुनहरूमा आफ्ना स्वरहरूलाई अन्तरघुलित गर्दै गए ।

पाठकले २०५९ सालमा डोरेमी संगीत पाठशाला र श्रीसंगीत पाठशालामा संगीतको औपचारिक प्रशिक्षण लिए । २०६० साल पहिलो लोक दोहोरी एल्बम 'जाँउन गजुरी' सार्वजनिक गरेसँगै उनी गायनमा औपचारिक रूपमै सक्रिय रहँदै आए । एल्वममा समावेश 'जाँउन गजुरी' बोलको शिर्ष गीतको सफलता सँगै उनको गायनको रफ्तार निकै अघि बढ्यो ।

संगीतको औपचारिक अध्ययनले उनलाई नेपाली संगीतको गहिराइ बुझ्न सहयोग गर्‍यो । पाठकले संगीतको विविध आयामहरूमा आफूलाई दक्ष बनाउँदै गए । उनले नेपाली संगीतका विभिन्न पक्षहरूमा गहिराइपूर्वक अध्ययन गर्न थाले, जसमा लोकगीत, भजन, परम्परागत/मौलिक धुन र शास्त्रीय संगीतको गहन अध्ययन समावेश छ । यसै क्रममा उनले २०६८ सालमा ललित कला क्याम्पसबाट संगीतमा स्नातक तहको अध्ययन पुरा गरे । यसले गर्दा उनलाई अनुपम गायन कौशलताले भरिपूर्ण बनाउँदै लग्यो । पाठकले संगीतमा गरेको निरन्तरको साधना र समर्पणले उनलाई परिपक्क गायकका रूपमा स्थापित गरेको छ । जसले गर्दा उनले हरेक बिधाका गीतमा आफूलाई अब्बल सावित गरेका छन् ।

उनको स्वरमा मिठास छ, गहिराइ छ अनि स्वरको माधुर्यताले स्रोताको हृदयलाई स्पन्दन गर्ने क्षमता छ । उनको गायकीमा भावनात्मकता मात्र छैन, नेपाली जनजीवनसँगको गहिरो सम्बन्ध प्रतिबिम्बित छ । जसका कारण उनले गाएका गीतहरूमा आम नेपालीले आफ्नो पनको आभाष पाएका छन् ।

पाठकले मौलिक नेपाली संगीतको बजारीकरणमा ठूलो भूमिका खेलेका छन् । विशेष गरी नेपाली लोकधुन, भजन र परम्परागत संगीतलाई त्यही स्वरूपमा नयाँपन दिन उनी सफल छन् । आधुनिकिकरणले झ्याप्पै छोपिसकेको संगीत बजारमा पाठकको पहल र कर्मले मौलिक नेपाली गीतसंगीतलाई नयाँ पुस्तासम्म सुरक्षित पुस्तान्तरण गराउँन अहम् भूमिका खेलेको छ । एक गायकका रूपमा उनले लोप हुन लागेका कयौं मौलिक भाकाहरूलाई प्रविधिको उच्चतम् प्रयोग गर्दै, आधुनिक संगीतका तत्वहरू जोडेर अझ सजीव र सुन्दर रूपमा जीवन्त बनाएका छन् । उनी नेपाली संगीतलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउने दृढ संकल्पका साथ गायनमा सक्रिय छन् ।

पाठकका गीतहरूमा प्रयुक्त संगीत र स्वरको संयोजनले शब्दको गहिराइलाई अझ प्रभावकारी बनाउँछ । पाठकको गायनमा एउटा गहिरो भावनात्मक तत्व पाइन्छ । उनले गीतको शब्द र संगीतलाई प्रस्तुत गर्ने शैली र उनको गायन कौशलले श्रोताको हृदयलाई छुन्छ । उनी गीत गाउनु अघि शब्द र संगीतको भावनामा डुबेर, श्रोतालाई पनि त्यही यात्रामा सहयात्रा गराउन सफल छन् । पाठकको गायनमा एउटा विशेष प्रकारको संवेदनशीलता पाइन्छ जसले गर्दा उनका गीतहरू सधैं विशेष र सजीव लाग्छन् । पाठकले आफ्नो गायन करियरमा बिभिन्न भावका गीतहरू गाएका छन् । प्रेम, बिछोड, नेपाली जनजीवन, परम्परागत कथा र सामाजिक घटनाहरूको वर्णन उनका गीतमा पाइन्छ । उनले गीतबाटै प्रकृति र पर्यावरणको वर्णन गरेका छन्, नदी-नाला, वन-जंगल, पाखा-पखेरा, शहर र विकासलगायतको सौन्दर्यलाई चित्रण गरेका छन् ।

संगीतमा आफ्नो जीवनलाई अर्पण गरेका उनी संगीत नै जीवन ठान्छन् । २१ वर्षे गायन यात्राको क्रममा उनले बिभिन्न जनराका झण्डै सयवटा गीतमा स्वर दिइसकेका छन् । पाठकका चर्चित गीतहरूमा के गर्ने के गर्ने, हत्ते हालिन्छ, माया कै पिर, छोटो लुगा, कानैमा झुम्का, सातै सुर, दशैं आयो, तिमी विना बाच्न सक्छु म लगायतका छन् । हालै मात्र उनले तिहारको अवसरमा सार्वजनिक गरेको 'हामी त आयौं' बोलको गीतले पनि चर्चा पायो । उत्कृष्ट गायनका लागि स्टार म्युजिक अवार्ड, नाट्येश्वर म्युजिक अवार्ड, म्युजिक खबर म्युजिक अवार्ड, ए एन पी म्युजिक अवार्ड, हिमालयन इन्टरनेशनल अवार्ड लगायतका अवार्डहरू प्राप्त गरेका पाठकले स्रोताहरूबाट अपार माया पाइरहेका छन् । गायनमा उत्कृष्टता प्रदर्शन गर्दै आएका पाठकले सगरमाथा म्युजिक अवार्ड, नीम अवार्ड, क्वालिटी इन्टरटेनमेण्ट अवार्डलगायतका अवार्डहरूमा निर्णायकका रूपमा समेत काम गरेका छन् ।

पाठकलाई गायकका रूपमा मात्र चिन्दा उनको बहुमुखी प्रतिभा प्रति अन्याय हुन सक्छ । उनी गायक मात्र नभएर, संगीतको माध्यमबाट नेपालको संस्कृति, परम्परा, र विरासतलाई बचाउदै आएका एक अभियन्ता पनि हुन् । जिनियस म्युजिक प्रा.लिका अध्यक्ष समेत रहेका पाठकले गीत संगीत तथा संगीतकर्मीहरूको प्रोत्साहनका लागि म्युजिक अवार्ड समेत आयोजना गर्दै आएका छन् । उत्कृष्ट गीतसंगीत र त्यसका सर्जकहरूलाई हौसला दिन उनको नेतृत्वको जिनियस म्युजिक अवार्ड सफल छ । त्यसो त संगीतकर्मीहरूको हितका लागि गठन भएको संगीत कल्याण कोषको समेत उनी अध्यक्ष रहेका छन् । लामो समय सम्म संस्थागत रूपमा सेवा गर्दै आएका पाठक संगीतकर्मीहरूको हरेक दुःखमा मल्हम लगाउन अग्रपक्तिमा उपस्थित हुन्छन् ।

# छायांकनमा ज्योतिराजको 'नाक्छोङ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** ज्योतिराज राईको निर्माणमा बन्न लागेको फिल्म 'नाक्छोङ' (विजुवा)को छायांकन सुरु भएको छ । विहिबार मोरङको बेलाबारीमा शुभ-मुर्हूत गर्दै फिल्मको छायांकन सुरु गरिएको हो । फिल्मको मुर्हूत परम्परागत भन्दा केही भिन्न तवरबाट गरिएयो । मुर्हूतमा स्थानिय विजुवाले तीन चुला र चिण्डोलाई पूजाससहित पुर्खाहरू सम्झदै फिल्मको मुर्हूत गरेका थिए । मुर्हत कार्यक्रममा लेखक तथा निर्देशक नविन सुब्बा, मिलन चाम्स, बेलाबारी नगरपालिका वडा नं ११का वडाध्यक्ष बिक्रम वान्तवालगायत स्थानिय कलाकर्मी थुप्रैको उपस्थिती थियो । कार्यक्रममा कलाकार याशेली योङ्हाङ र हेम दिलुङ्छाले मुर्हूत सट दिदा त्यसको निर्देशक नविन सुब्बा, क्यामरा रोल वडाध्यक्ष बिक्रम वान्तवा र क्ल्याप मिलन चाम्सले पड्काएका थिए ।

मुर्हूतपछि बोल्दै निर्देशक नविन सुब्बाले राई जातीहरूको कथा, संस्कृति फिल्ममा कम आएको बताउदै यसक्षेत्रसँग सम्बन्धित निर्देशकले आफ्नै त्यस्ता बिषयबस्तुमा जोड दिनुपर्ने बताए । फिल्म 'गाउँ आएको बाटो'मा आफुले राईको कथा केही देखाउन खोजेपनी त्यो पर्याप्त नभएको सुब्बाको भनाई थियो ।

निर्देशक मिलन चाम्सले 'नाक्छोङ'को सुरुवात पितृहरूको सम्मान र सम्झनासहित सुरु भएकोले ईतिहास रच्ने फिल्म बनोस् भन्दै शुभकामना दिए । उनले 'नाक्छोङ' जस्ता फिल्मले स्वदेशीको अलवा अन्तरराস्ट्रिय बजारमा समेत प्रभाव जमाउन तागत राखे बताए ।

'नाक्छोङ'का निर्माता ज्योतीराजले कार्यक्रममा सहभागी सबैप्रति आभार व्यक्त गर्दै 'नाक्छोङ' बिजुवाको निर्माणको औचित्य राईको परम्परा जोगाएर पुस्तान्तरण गर्न रहेको बताए । हरेक चाड, विवाह, कुलपितृ, रीतिभेषभूषामा आवस्यक बिजुवाको संरक्षणका लागि फिल्म निर्माण गर्न लागेको बताए । 'नाक्छोङ' स्वदेशीको अलवा अन्तराष्ट्रिय फिल्म महोत्सवको लागि निर्माण हुन लागेको खुलाए । उनले भने, 'अहिलेसम्मको अनुभव खन्याएर फिल्म उत्कृष्ट बनाउनेछु ।'

फिल्म किरण राईले निर्देशन गर्दैछन् । किरणले यसअघि 'लुङा' र ज्यापंचौ' निर्देशन गरेका थिए । फिल्मको लेखन समेत किरणले गरेका हुन् । याशेली योङ्हाङ, भुवन सिंह राई, सुस्मा सुब्बा, सरोज खालिङ, बबिन राई, अनुशा राई, सारा राई, त्रिचु राई, उत्तम राई, तयाहाङ राई, उदय सुब्बा कुरुम्बाङ, पूर्ण लिम्बु, दिनेश कोइराला, हेम दिलुङ्छा, बिनोद पोमो, प्रकाश सुब्बा लगायतको अभिनय रहने फिल्ममा बाबु श्रेष्ठको छायांकन रहने छ । फिल्मका मुख्य सहायक निर्देशक बारत लिम्बु रहेका छन् ।

फिल्मको छायांकन काठमाडौंको अलवा बिराटनगर, मोरङ लगायत पुर्वका बिभिन्न स्थानमा हुनेछ । चलचित्र बिकास बोर्ड अर्न्तगतको आदीवासी, जनजाती, मातृभाषी प्रवर्द्धन समितिका संयोजक समेत रहेका राईले यसअघि 'लुङ्गा', संगम, त्रिवेणी, पापी मान्छे, वान वे लगायत फिल्म निर्माण गरेका थिए । राईले केही अगाडि 'सातौ बेलबारीआरजु राईस अन्तराष्ट्रिय आमन्त्रण गोल्डकप'का लागि २ तोला सुन र २ किलो ५ सय ग्राम चादिको रनिङ ट्रफि समेत प्रदान गरेका थिए ।

## रंगशाला

यू-१९ महिला टी-२० विश्वकप क्रिकेट

# बंगलादेशसँग नेपाल पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** आईसीसी यू-१९ टी-२० महिला विश्वकप क्रिकेट प्रतियोगिता आफ्नो पहिलो खेलमा नेपाल नेपाल बंगलादेशसँग पाँच विकेटले पराजित भएको छ । मलेसियाको बांगीमा रहेको युकेएम ओभल क्रिकेट मैदानमा आज सम्पन्न खेलमा नेपालले दिएको ५३ रनको विजयी लक्ष्य बङ्गलादेश १३ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो ।

बंगलादेशका लागि सादिया इस्लामले २४ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन् । सुमैया अत्तरले १२ र अफिया अशिमा इराले नौ रन जोडिन् । बलिङतर्फ नेपालकी रचना चौधरी, रिया शर्मा, सिमना केसी र पूजा महतोले समान एक/एक विकेट लिए ।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ५२ रन बनाएको थियो । नेपालका लागि ओपनर साना प्रविनले ३२ बलमा १९ रन बनाइन् । त्यस्तै सिमाना केसीले १० रनको योगदान दिइन् । अन्य नेपाली ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । कप्तान पूजा महतो दुई रनमा आउट भइन भने अलिशा यादवले चार रन बनाइन । यसैगरी तिर्सना विक र रचना चौधरीले समान तीन/तीन रन बनाउँदा रिया शर्मा पाँच रनमा नटआउट रहिन् ।

बङ्गलादेशका लागि जनाथन माओलाले दुई विकेट लिइन भने अनिसा सोवा, फोयोमोदी चोया र निशीता अख्तरले समान एक/एक विकेट लिए । नेपालले आफ्नो दोस्रो खेल यही माघ ७ गते स्कटल्यान्डसँग खेल्नेछ । प्रतियोगिताको समूह 'डी'मा रहेको नेपाललाई सुपर-६ मा पुग्न कम्ती एउटा खेल जित्नुपर्छ । समूहमा नेपालसँगै बंगलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया छन् । सोही समूहको पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्याण्डलाई ९ विकेटले पराजित गरेको छ ।

खो-खो विश्वकप

# नेपाली दुवै टिम फाइनलमा





■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली खोखो टिमले ऐतिहासिक प्रदर्शन गर्दै विश्वकपको फाइनलमा प्रवेश गरेको छ । भारतमा जारी खो खो विश्वकपमा नेपालको पुरूष र महिला दुवै टोलीले सेमिफाइनलका खेलमा जित हात पार्दै फाइनल प्रवेश गर्दै उपाधि नजिक पुगेका हुन् ।

पुरुष राष्ट्रिय खो खो खो टोलीले शनिबार पहिलो सेमिफाइनलमा इरानलाई पराजित गर्दै ऐतिहासिक फाइनल यात्रा तय गरेको थियो भने महिला टिमले युगान्डालाई पराजित गर्दै फाइनल प्रवेश गरेका हुन् । नयाँ दिल्ली स्थित इन्दिरा गान्धी इन्डोर हलमा भएको खेलमा नेपालले इरानलाई ७२-२० अंकको अन्तरले हरायो ।

नेपालले अब दक्षिण अफ्रिका र भारतबीच हुने दोस्रो सेमिफाइनलको विजेतासँग उपाधिका लागि खेल्नेछ । नेपालको टोली कुनै पनि खेलको विश्वकपमा फाइनल पुगेको यो पहिलोपटक हो ।

पहिलो खेलमा भारतसँग ४२-३७ अन्तरले पराजित भएको नेपालले दोस्रो खेलमा पेरूलाई ८०-३४ ले, तेस्रो खेलमा ब्राजिललाई १३४-८ अन्तरले र चौथो खेलमा भुटानलाई ९८-८ अन्तरले हराएको थियो । क्वाटरफाइनलमा नेपालले बंगलादेशलाई ६७-१८ को अन्तरले हराएको थियो । त्यस्तै महिला टिमले युगान्डालाई ८९-१८ ले हराउँदै दक्षिण अफ्रिका र भारतबीच हुने दोस्रो सेमिफाइनल विजेतासँग उपाधिका लागि खेल्नेछ ।

नेपालको महिला टोली अपराजित रहँदै फाईनल पुगेको हो । नेपालले पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलंकालाई ११०-१० ले र चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले पराजित गरेको थियो । यसैगरी क्वाटरफाइनलमा इरानलाई १०३-८ अंकको अन्तरले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको थियो ।

## प्रधानमन्त्री ओलीले दिए शुभकामना

**काठमाडौं (प्रस)–** भारतमा जारी खो खो विश्वकपको फाइनलमा पुग्न सफल नेपाली टोलीलाई प्रधानमन्त्री केपी शर्मा ओलीले बधाई तथा शुभकामना दिएका छन् । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत नेपाली महिला र पुरूष टोलीलाई बधाई एवम् शुभकामना दिएका हुन् ।

उनले लेखेका छन्, 'भारतमा जारी खो खो विश्वकपमा नेपाली महिला र पुरुष दुवै टोली फाइनलमा पुगेका छन्। नेपाली महिला टोलीले युगान्डा र पुरुष टोलीले इरानलाई सेमिफाइनलमा पराजित गर्दै ऐतिहासिक फाईनल यात्रा तय गरेका छन् । नेपालको खो खो इतिहासमा यो ऐतिहासिक क्षण हो। अब फाइनल खेलको जितका लागि हाम्रा खेलाडीलाई शुभकामना ।'



दक्षिणी गाजा पट्टीको खान युनिस सहरमा रहेको खाद्य वितरण केन्द्रबाट वितरण हुने निःशुल्क खाना पर्खिरहेका प्यालेस्टिनी नागरिक ।

*तस्बिरः सिन्हवा*

# दक्षिण कोरियाका राष्ट्रपति युन सुनुवाइमा उपस्थित

**सियोल–** दक्षिण कोरियाका राष्ट्रपति युन सुक योललाई थप २० दिनसम्म हिरासतमा राख्ने वा नराख्ने पक्राउ पुर्जीसम्बन्धी सुनुवाइमा सहभागी भएका छन् । उइवांगस्थित सियोल डिटेन्सन सेन्टरबाट छुटेका राष्ट्रपतिलाई लिएर गएका गाडीहरू हिरासतबाट करिब २० किलोमिटर उत्तरमा रहेको सियोल वेस्टर्न डिस्ट्रिक्ट कोर्टमा आइपुगेको टिभी फुटेजले देखाइएको थियो ।

युनलाई बुधबार राष्ट्रपति निवासबाट पक्राउ गरिएको थियो र उनी पक्राउ पर्ने देशको पहिलो बहालवाला राष्ट्रपति बनेका थिए । महाभियोगपछि निलम्बित राष्ट्रपति युनले घोषणा गरेको अल्पकालीन सैनिक शासनका विषयमा सोधपुछका लागि बयान दिन सियोलको दक्षिणमा रहेको ग्वाचेओनमा रहेको



भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) मा उपस्थित हुन अस्वीकार गरेका थिए ।

यदि वारेन्ट जारी भएमा युनको हिरासत अवधिसहित २० दिनसम्म लम्बिने छ । प्रारम्भिक १० दिनसम्म सिआइओले सोधपुछ गरेपछि युनलाई अभियोजन पक्षले पछिल्लो १० दिनसम्म सोधपुछ गर्ने छ किनभने दुवै पक्षले संयुक्त रूपमा युनको विद्रोहको आरोपको अनुसन्धान गर्न सहमत भएका छन् ।

गत वर्षको डिसेम्बर १४ मा नेसनल एसेम्बलीमा युनविरुद्ध महाभियोग प्रस्ताव पारित भएको थियो र यसलाई संवैधानिक अदालतमा १८० दिनसम्म छलफल का लागि पठाइएको थियो । विद्रोहको अभियोगमा अनुसन्धान निकायहरूले योजनाकारको रूपमा उल्लेख गरेका युनले डिसेम्बर ३ को राति 'मार्सल ल' (सैनिक कानुन) लागू गरिएको घोषणा गरेका थिए । त्यसको केही घण्टापछि कोरियाली संसद् (नेसनल एसेम्ली) ले त्यसलाई खारेज गरेको थियो । *रासस/सिन्हवा*

# इरानको सर्वोच्च अदालतमा दुई न्यायाधीशको गोली हानी हत्या

**तेहरान–** तेहरानस्थित सर्वोच्च अदालतको भवनमा शनिबार भएको गोलीकाण्डमा दुई न्यायाधीशको मृत्यु भएको छ। 'सर्वोच्च अदालतका तीन न्यायाधीशलाई निशाना बनाइएको आक्रमणमा परी तीमध्ये दुई जनाको मृत्यु भएको छ,' न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा जारी विज्ञप्तिमा उल्लेख छ । उक्त विज्ञप्तिमा आक्रमणमा संलग्न आक्रमणकारीले घटनालगत्तै आत्महत्या गरेको जनाइएको छ ।

सरकारी समाचार संस्था इर्नाले पनि आक्रमणमा परी न्यायाधीशको मृत्यु भएको र अन्य एक न्यायाधीश घाइते भएको जनाएको छ । मिजानले मारिएका दुई न्यायाधीश अली रजिनी र मोहम्मद मोगिसेह रहेको जनाएको छ भने उनीहरूले 'राष्ट्रिय सुरक्षा, जासुसी र आतंकवादविरुद्धको अपराधसम्बन्धी' मुद्दाहरू हेर्न गरेको पनि बताएको छ ।

उनीहरूको हत्याको कारण तत्काल स्पष्ट नभए पनि मिजानले आक्रमणकारीको पहिचानबारे थप जानकारी नदिई सर्वोच्च अदालतमा कुनै पनि मुद्दामा आक्रमणकारीको संलग्नता नरहेको उल्लेख गरेको छ ।

मिजानका अनुसार घटनाको अनुसन्धान सुरु गरिएको अधिकारीले बताएका छन् । अमेरिकी अर्थ मन्त्रालयका अनुसार ६८ वर्षीय वरिष्ठ न्यायाधीश मोगिसेहलाई सन् २०१९ मा संयुक्त राज्य अमेरिकाले 'अनगिन्ती अनुचित मार्गहरूको निरीक्षण गरेको भनी प्रतिबन्ध लगाएको थियो । उक्त समयमा आरोपहरूमा प्रमाणहरूको अभाव रहेको भन्दै इरानले आरोपका खण्डन गरेको थियो ।

मिजानका अनुसार ७१ वर्षीय रजिनीले इरानको न्यायपालिकामा धेरै महत्त्वपूर्ण पदहरू सम्हालिसकेका थिए र यसअघि सन् १९९८ मा आक्रमणकारीहरूले उनको गाडीमा म्याग्नेटिक बम राखी हत्या प्रयास गरेका थिए ।

न्यायाधीशलाई लक्षित गरी हुने आक्रमण विरलै हुने भएता पनि इरानले पछिल्ला वर्षहरूमा उच्च पदस्थ व्यक्तिहरूलाई लक्षित गरी थुप्रै गोलीकाण्डहरू देखेको छ । गत अक्टोबरमा दक्षिणी सहर काजेरुनमा शुक्रबारको नमाजको नेतृत्व गरिरहेका एक शिया मुस्लिम उपदेशकको गोली हानी हत्या गरिएको थियो ।

सन् २०२३ को अप्रिलमा अब्बास अली सुलेमानी नाम गरेका एक शक्तिशाली धर्मगुरुको उत्तरी प्रान्त मजन्दरानको एक बैंकमा गोली हानी हत्या गरिएको थियो । सन् २००५ को अगस्टमा तेहरानको एक व्यस्त व्यापारिक क्षेत्रको बीचमा दुई जना बन्दुकधारीले प्रसिद्ध इरानी न्यायाधीश हसन मोघदासको हत्या गरेका थिए । उनको हत्यामा दोषी ठहर भएका दुई जनालाई दुई वर्षपछि फाँसी दिएर सार्वजनिकरूपमा मृत्युदण्ड दिइएको थियो । *रासस/एएफपी*

# इजरायलले अनुमोदन गऱ्यो गाजा युद्धविराम सम्झौता

**जेरूसेलम–** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले शनिबार गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौतालाई इजरायलको मन्त्रिपरिषद्ले अनुमोदन गरेको जनाएको छ ।

आइतबार (आज)देखि सुरु हुने युद्धविरामले गाजाको अहिलेसम्मकै सबैभन्दा घातक युद्धमा लडाइँ र बमबारी रोकिने छ । यसले सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि इजरायली जेलबाट सयौं प्यालेस्टिनी कैदीको बदलामा उक्त क्षेत्रमा रहेका बन्धकहरूलाई रिहा गर्न निर्देशित गरेको छ ।

नेतन्याहूको कार्यालयले शनिबार बिहान मन्त्रिपरिषद् मा भएको मतदानपछि भन्यो, 'सरकारले बन्धक फिर्ता गर्ने योजनालाई अनुमोदन गरेको छ ।' इजरायलको न्याय मन्त्रालयले पहिलो चरणको सम्झौताअनुसार ७३७ जना कैदी बन्दीलाई रिहा गरिने जनाएको छ । इजरायली सेनाले युद्धविराम सम्झौताको घोषणा भएपछि पनि कारबाहीलाई जारी राखेको जसबाट दर्जनौंको ज्यान गुमेको छ । सेनाले बिहीबार जारी गरेको एक विज्ञप्तिमा भनिएको छ, 'सेनाले विगत २४ घण्टामा गाजाका करिब ५० वटा लक्ष्यमा आक्रमण गरेको छ ।'

निवर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेनको टोलीसँग मिलेर सम्झौता गर्ने श्रेय लिएका डोनाल्ड ट्रम्पको शपथ ग्रहणको पूर्वसन्ध्यामा यो युद्धविराम लागू हुन लागेको हो । नेतन्याहूको कार्यालयले यसलाई 'युद्धको उद्देश्य हासिल गर्न समर्थन गर्ने' भन्दै इजरायलको सुरक्षा क्याबिनेटले यसलाई अनुमोदन गरेको थियो । प्यालेस्टाइनका राष्ट्रपति महमुद अब्बासले प्यालेस्टिनी प्राधिकरणले युद्धपछि गाजामा पूर्णजिम्मेवारी लिने तयारी पूरा गरेको बताएका छन् । युद्धविराम सुरु हुनुअघि नै विस्थापित गाजावासीहरू घर फर्कने तयारी गरिरहेको स्थानीय सञ्चारमाध्यमबाट प्रशारित समाचारमा जनाइएको छ । *रासस/एएफपी*



## पहिलो चरणमा ७३७ कैदीलाई रिहा गर्दै इजरायल

**जेरुसेलम–** इजरायलको न्याय मन्त्रालयले शनिबार स्वीकृत गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौताको पहिलो चरणअन्तर्गत ७३७ कैदी बन्दीलाई रिहा गरिने जनाएको छ । इजरायलले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सरकारले हाल कारागार सेवाको हिरासतमा रहेका ७३७ कैदी तथा बन्दीलाई रिहा गर्न स्वीकृति दिएको छ ।'

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले शनिबार बिहानै युद्धविराम सम्झौतालाई अनुमोदन गर्न इजरायलको क्याबिनेटले मतदान गरेको र यो सप्ताहन्तमा युद्धविराम लागू हुने वा नहुने भन्ने अनिश्चितता अन्त्य भएको जनाएको छ । मन्त्रालयले पुरुष, महिला र बालबालिकालाई स्थानीय समयअनुसार आइतबार अपराह्न ४ बजे स्थानीय समयअनुसार १४:०० बजे रिहा गर्ने जनाएको छ ।

यसअघि मन्त्रालयले गाजामा रहेका इजरायली बन्दीको बदलामा रिहा हुने ९५ जना प्यालेस्टिनी कैदीको सूची प्रकाशित गरेको थियो । विस्तारित सूचीमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको फताह पार्टीका सशस्त्र शाखाका प्रमुख जकारिया जुबेदी पनि थिए । सन् २०२१ मा इजरायलको गिल्बोआ जेलबाट अन्य पाँच जना प्यालेस्टिनीसँग जुबेदी भागेका थिए । रिहा हुनेमा प्यालेस्टिनी वामपन्थी सांसद खालिदा जरार पनि छन् जसलाई इजरायलले गिरफ्तार गरेर कयौं पटक जेलमा राखेको थियो ।

जरार इजरायल, संयुक्त राज्य अमेरिका र युरोपेली संघद्वारा 'आतंकवादी संगठन' घोषित एक समूह प्यालेस्टाइनको मुक्तिका लागि लोकप्रिय मोर्चाको एक प्रमुख सदस्य हुन् । सन् १९६७ देखि इजरायलले कब्जा गरेको प्यालेस्टाइनी क्षेत्र वेस्ट बैंकमा डिसेम्बरको अन्त्यतिर पक्राउ परेका ६० वर्षीय उनलाई त्यसयता विनाकुनै अभियोग हिरासतमा राखिएको छ । हमासनिकट दुई स्रोतले एएफपीलाई दिएको जानकारीअनुसार रिहा गरिने बन्धकको पहिलो समूहमा तीन जना इजरायली महिला सैनिक रहेका छन् । यद्यपि, प्यालेस्टिनी इस्लामी आन्दोलनले सैन्य उमेरको कुनै पनि इजरायलीलाई सैनिक मान्दछ ।

एएफपीले प्राप्त गरेको पहिलो चरणमा रिहा हुने ३३ बन्धकमध्ये पहिलो तीन जनाको नाम हमास आक्रमणको दिन सैन्य सेवामा नरहेका ३० वर्षमुनिका महिला रहेका छन् । न्याय मन्त्रालयका प्रवक्ता नोगा काट्जले पहिलोपटक रिहा हुने कैदीको अन्तिम संख्या हमासद्वारा रिहा गरिएका जीवित बन्धकहरूको संख्यामा निर्भर हुने बताएका छन् । *रासस/एएफपी*


# भावपूर्ण श्रद्धाञ्जली







जन्म मितिः
२०००/११/२८

स्वर्गारोहणः
२०८१/०९/०७

स्व. पेमा लामा शेर्पा

यस शेर्पा सेवा केन्द्रको आजीवन सदस्य **श्री पेमा लामा शेर्पा**को ८२ वर्षको उमेरमा असामयिक निधन भएकोले आज चौथो हाप्ताका पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
*तथा*
**शेर्पा सेवा केन्द्रका स-परिवार**
बौद्ध, टुसाल, काठमाडौं

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५७९०० | प्रति तोला – ० | प्रति तोला – १८९० |



**खरिदबिक्रीमा सुन्तला** | मोरङको सुन्दरहरैंचा नगरपालिकास्थित सलकपुरको शनिबारे बजारमा भोजपुरबाट ल्याएको सुन्तला खरिदबिक्री गर्दै ग्राहक तथा व्यापारी । *तस्बिरः मणिराम दाहाल/रासस*

## पुसमा चार अर्ब २५ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**काठमाडौं–** घर जग्गाको कारोबार क्रमशः लयमा फर्किन थालेको पाइएको छ । देशभरको घर जग्गाको कारोबारको विवरण राख्ने भूमि व्यवस्था तथा अभिलेख विभागकाअनुसार गत मङ्सिर महिनाको तुलनामा गत पुस महिनामा राजस्व संकलनमा वृद्धि भएको छ ।

गत मङ्सिर महिनामा रु तीन अर्ब ८७ करोड ४८ लाख २६ हजार नौ सय ७६ बराबर संकलन भएकामा पुस मसान्तसम्म रु चार अर्ब २५ करोड २२ लाख २१ हजार सात सय ७९ राजस्व प्राप्त भएको छ । विभागका अनुसार सो महिनामा सेवा करबाट रु ३० करोड ४३ लाख ४४ हजार छ सय ६५ संकलन भएको छ । यस्तै, रजिष्ट्रेशन दस्तुरबाट रु दुई अर्ब ६८ करोड ७८ लाख २६ हजार एक सय ४५, पूँजीगत लाभकरबाट रु एक अर्ब ६० करोड ८३ लाख २८ हजार एक सय ७२ प्राप्त भएको छ ।

काठमाडौँ उपत्यका भित्रका विभिन्न नौ वटा मालपोत कार्यालयमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले राजस्व संकलन गरेको छ । सो कार्यालयले रु ४० करोड ९४ लाख ४२ हजार सात सय ३२ राजस्व संकलन गरेको छ । यसबाट

### घरजग्गा कारोबार

ललितपुरमा घरजग्गाको कारोबारमा उल्लेख्य वृद्धि भएको सहजै अनुमान गर्न सकिन्छ ।

यस्तै, मालपोत कार्यालय गोटीखेल ललितपुरले रु दुई लाख ८९ हजार ८४, मालपोत कार्यालय भक्तपुरले रु २९ करोड ७६ लाख १३ हजार दुई सय ७१, मालपोत कार्यालय डिल्लीबजारले रु २१ करोड ९० लाख ९९ हजार छ सय ८५ राजस्व संकलन गरेको छ ।

त्यस्तै, विभागका अनुसार, मालपोत कार्यालय चाबहिलले रु २२ करोड ९३ लाख ८० हजार तीन सय ६७, कलंकी मालपोतले रु २१ करोड ९३ लाख ७१ हजार सात सय ९२, मालपोत कार्याल साफुले रु १० करोड ३२ लाख ५९ हजार छ सय २२, मनमैजुले रु छ करोड ६८ लाख २९ हजार पाँच सय ६१, मालपोत कार्यालय टोखाले रु छ करोड ७७ लाख ३४ हजार छ सय ९७ बराबरको राजस्व संकलन गरेको छ ।

यस्तै, मालपोत कार्यालय विराटनगरले रु १६ करोड ११ लाख तीन हजार चार सय ८१, मालपोत कार्यालय इनरुवा सुनसरीले रु १० करोड ९३ लाख ७४ हजार दुई सय ५७ राजस्व संकलन गरेको छ । गत कात्तिकमा देशभर घर जग्गाको कारोबारबाट रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार छ सय ४५ बराबरको राजस्व संकलन भएको थियो ।

## पर्यटन क्षेत्रको विकासका लागि १० वर्षे कार्ययोजना तयार हुँदै

■ प्रभाव संवाददाता

**मलेखु (धादिङ)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे पर्यटन क्षेत्रबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्न १० वर्षे कार्ययोजना तयार भइरहेको बताएका छन् । शनिबार राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घ धादिङको दोस्रो जिल्ला अधिवेशन उद्घाटनपछि उनले प्रधानमन्त्री, अर्थमन्त्री, कानुनमन्त्रीसहित पर्यटनसँग जोडिएका मन्त्रालयसँगको समन्वयमा कार्ययोजना तयार गरिरहेको बताए ।

मन्त्रालय निजी क्षेत्रसँग सहकार्य गरेर पर्यटन क्षेत्रको विकास गर्न तत्पर रहेको र पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो । 'नेपालमा पर्यटकीय पूर्वाधार निर्माण भइरहेका छन्, अहिले पनि लाखौं पर्यटक ल्याउने अवसर छ', उनले भने, 'हाम्रा संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रलाई चलायमान बनाउने दिशामा हामी तत्परताका साथ लागिरहेका छौं ।'

नेपाली कांग्रेसका सहमहामन्त्रीसमेत रहेका पाण्डेले मूल प्रतिस्पर्धी नेकपा (एमाले) सँगको गठबन्धन अवसर र चुनौती दुवै रहेको बताए । 'एमालेसँग सहकार्य र प्रतिस्पर्धा दुवै हुन्छ', उनले भने, 'एमालेसँग सरकारमा सहकार्य र चुनावमा प्रतिस्पर्धा हुन्छ । अहिले एमाले र कांग्रेसको गठबन्धन सुशासन, भ्रष्टाचार न्यूनीकरण र सरकारलाई स्थायित्व दिनको लागि हो ।'

## एक महिनादेखि उडेन रेसुंगा विमानस्थलमा जहाज

■ प्रभाव संवाददाता

**गुल्मी–** यहाँस्थित रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई सेवा बन्द भएको छ । नेपाल वायु सेवा निगम (नेपाल एयरलायन्स) सँग भएका दुईवटा ट्विनअटर जहाज ग्राउन्डेड भएपछि एक महिनादेखि जिल्लामा हवाई सेवा बन्द भएको हो ।

नेपाल वायु सेवा निगम रेसुङ्गा स्टेसन प्रमुख सुमन थापाले हवाई सेवा बन्द भएपछि यहाँका यात्रुहरू समस्यामा परेका बताए । निगमले विसं २०८० वैशाख २९ गतेदेखि गुल्मीमा व्यावसायिक उडान सुरु गरेपछि जिल्लामा हवाई सेवा सञ्चालनमा आएको थियो । निगमले जिल्लामा व्यावसायिक उडान सुरु गरेसँगै सातामा तीन पटकसम्म उडान गर्दै आएको थियो ।

यात्रुहरूको बढ्दो चापका कारण निगमले तत्कालीन अवस्थामा उडान संख्यामा वृद्धि गरी सातामा चारपटकसम्म उडान गर्दै आएको थियो । समय समयमा निगमका जहाज ग्राउन्डेड हुन थालेपछि सातामा दुईपटक र एकपटक हुँदै हाल जिल्लामा पूर्ण रूपमा हवाई उडान बन्द भएको हो ।

निगमसँग थोरै मात्र ट्विनअटर जहाज रहेका बताउँदै जहाजहरूको इन्जिन साइकल सकिएपछि सेवा अवरुद्ध बनेका विमानस्थलका स्टेसन प्रमुख थापाले जानकारी दिए । दुईवटा ट्विनअटर जहाज ग्राउन्डेड भएका र ग्राउन्डेड भएका जहाजको मर्मत गर्ने काम भइरहेकाले जिल्लामा सेवा नियमित हुन अझ केही समय लाग्ने उनले बताए ।

पछिल्लो समयमा रेसुंगा विमानस्थलबाट निगमले साताका एकपटक बिहीबार मात्र उडान गर्दै आएको थियो । गुल्मीको रेसुंगा विमानस्थलमा नेपाल वायु सेवा निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले काठमाडौँबाट बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलबाट बिहान ७:३० बजे उडान गर्दै आइरहेको थियो ।

## पर्यटकको रोजाइमा च्यामा सिमसार क्षेत्र

**जनकी (बाँके)–** नेपालगञ्ज-१ कि पूर्णिमा केसीलाई बर्दियाको च्यामाताल मनमोहक लाग्यो । शुक्रबार परिवारसहित घुम्न जान लागेकी उनी घरबाट नजिकै भए पनि पहिलो पटक आएको सुनाइन् । 'छिमेकी जिल्लामा रहेको यो तालमा म पहिलो पटक आएकी हुँ । यहाँ आएपछि मलाई रमाइलो लाग्यो', उनले भनिन् ।

मध्यवर्ती क्षेत्रमा रहेको स्वर्गद्वारी सामुदायिक वनको हरियालीले वरपरबाट घेरिएको च्यामा ताल बर्दियाको बाँसगढी नगरपालिका-२ राँझाटापुमा पर्दछ । उनले अरूलाई पनि च्यामातालको मनमोहक दृश्य हेर्न जान आग्रह गरेकी छिन् ।

पूर्णिमा जस्तै बाँके नेपालगञ्ज उपमहानगरपालिका-१८ की सङ्गीता थापाले पनि आफू प्रायः वनभोजका लागि च्यामा सिमसार क्षेत्रमा आउने गरेको बताइन् । प्राकृतिक सुन्दरता र शान्त वातावरणमा रमाउन रूचाउने सङ्गीता साथीभाइ र परिवारसहित घुम्न होस् या वनभोजका लागि होस् च्यामाताल नै जाने गरेको बताउँछिन् । 'प्रकृतिमा रमाउन मनपर्ने भएको हुनाले म यहाँ नियमित नै आउँछु', उनले भनिन्, 'यहाँको सुन्दरताले नै मनलाई लोभ्याउँछ । र यहाँ आएपछि बेग्लै प्रकारको खुसी मिल्छ ।'



च्यामा तालमा परिसरमा वनभोजका लागि आएका बर्दिया बढैयाताल-४ का श्यामकुमार पौडेलले पनि पूर्णिमा र सङ्गीतालाई जस्तै उक्त तालले मनमोहक बनाएको बताउँछन् । च्यामातालका बारेमा आफूले सुनेको तर पहिलो पटक साथीसँग घुम्न आएको बताउँदै उनले भने, 'म यही जिल्लाको भए पनि यहाँ पहिलो पटक आएको हुँ । साथीहरूले सुनाएको जस्तै सुन्दर र आकर्षक रहेछ ।'

च्यामाताल सिमसार क्षेत्रमा वनभोजका जानेका लागि बाँसगढी नगरपालिकाले रु ३० लाखको बजेट खर्चिएर वनभोज स्थल बनाएको वडा नं २ का वडाध्यक्ष अर्जुन खड्काले बताए । उनका अनुसार विसं २०६२/६३ तिर उक्त ताल भएको ठाउँमा पानीको मुहान थियो, जमिन भासिन्थ्यो । त्यसरी भासिएको ठाउँलाई संरक्षण गर्न सामुदायिक वनले केही बजेट खर्च गरेर वरपर निश्चित घेरा लगाएर बाँध बाँधेर ताल तलैया बनाएको हो ।

विसं २०७४ मा बाँसगढी नगरपालिकाले आफ्नै खर्चमा माताललाई सिमसारका रूपमा घोषित गर्दै बर्दिया राष्ट्रिय निकुञ्ज र नगरपालिकाको संयुक्त आयोजनामा च्यामातालको नामकरण गरिएको वडाध्यक्ष खड्काले बताए । उनका अनुसार हाल उक्त च्यामातालमा दिनप्रतिदिन आन्तरिक पर्यटकको संख्या बढिरहेको छ ।

बाँसगढी नगरपालिका निर्वतमान प्रमुख सालिकराम अधिकारीले विसं २०७४ मा च्यामाताल र वनभोज स्थलको उद्घाटन गरेका थिए । उनले सिमसार क्षेत्रको प्राकृतिक सौन्दर्यताको जगेर्ना गर्दै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न समुदायले अग्रसरता देखाउनुपर्ने बताए । तालको विकास र संरक्षणको महत्वपूर्ण जिम्मेवारी समुदायको भएकाले तालको सरसफाइ, व्यवस्थापन, संरक्षण र प्रवर्द्धनमा समुदायले नै चासो देखाउनुपर्ने उनको भनाइ थियो ।

वडाध्यक्ष खड्काका अनुसार उक्त च्यामातालमा भित्रदेखि पानी निस्कने र चौबिसै घण्टा पानी भइरहने भएकाले वन्यजन्तु पानी खान आउने गर्दछन् । मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिको झण्डै सात हेक्टर क्षेत्रफलमा रहेको उक्त ताल सिमसार क्षेत्रमा पर्छ । जसको लम्बाइ ११ सय मिटर रहेको छ भने चौडाइ आठ सय मिटर छ । तालको प्रचारप्रसारमा सहज होस् भन्ने उद्देश्यले बाँसगढी नगरपालिकाको लोगोमै च्यामा सिमसार क्षेत्रलाई समेटेको छ ।

प्राकृतिक सौन्दर्यताले भरिपूर्ण, जङ्गली जनावर र विभिन्न प्रजातिका चराचुरुङ्गीको बासस्थान रहेको च्यामाताल सिमसार क्षेत्रलाई उचित संरक्षण र व्यवस्थापन गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न वनभोज स्थल बनाइएको हो । पूर्वपश्चिम महेन्द्र राजमार्गदेखि उत्तर लखना चोक हुँदै झण्डै १२ किलोमिटरको दूरीमा च्यामाताल अवस्थित छ । च्यामातालमा रमाउन बाँके र बर्दियासँग जोडिएका जिल्लाबाट आन्तरिक पर्यटकहरू आउने गर्दछन् । *रासस*

## टेवा, नेपाल महिला कोष र लायन्स प्रतिनिधिबीच छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** टेवा, नेपाल महिला कोषमा लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एक प्रतिनिधिबीच छलफल भएको थियो । लायन्सका प्रथम उपाध्यक्ष एमजेएफ लायन बिनय बस्नेतको नेतृत्वमा एक प्रतिनिधिमण्डलले टेवा, नेपाल महिला कोषको भ्रमण गरेको हो । यस भ्रमणको मुख्य उद्देश्य महिला सशक्तीकरण र दिगो विकासको क्षेत्रमा सहयोगका अवसरहरूको अन्वेषण रहेको भ्रमण टोलीले जनाएको छ ।

भ्रमणका क्रममा लायन्स टोलीका सदस्यहरूले टेवा प्रतिनिधिहरूसँग भेट गरेका थिए । यस टोलीमा ञ्वा लायन बिनय बस्नेत, प्रथम उपाध्यक्ष; लायन सार्जन् चापागाई, क्षेत्रीय प्रमुख; लायन्स सुरज अर्याल संस्थापक अध्यक्ष लायन्स क्लब अफ मकवानपुर सगरमाथा स्मार्ट ,लायन सुचिता जोशी, जोन अध्यक्ष; जेफ राधिका महर्जन, जगसुल फाउन्डेसनका सचिव; र जेफ सुमन कुमारी शाह, जगसुल फाउन्डेसनकी वित्त व्यवस्थापक रहेका थिए ।

टेवाका प्रतिनिधिहरूमा सिर्जना थापा पाठक, दिनेश आचार्य, बसन्ती लामा, मुन पोखरेल थिए । उक्त अवसरमा लामाले आर्थिक वर्ष २०८०/०८१ मा टेवाले गरेको योगदानका बारेमा प्रेरणादायी प्रस्तुति दिएकी थिइन् । टेवाले समुदाय आधारित पहलहरूको माध्यमबाट महिलाहरूको सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको उक्त अवसरमा जानकारी दिइएको थियो ।

टेवाले विभिन्न क्षेत्रबाट कोष सङ्कलन गर्ने प्रयास गर्दै आएको छ, जस्तै हाइक, दीप जलाउने कार्यक्रम, साइकल रेस, कर्पोरेट सामाजिक उत्तरदायित्व, ८८ दिनको अभियानलगायतका विभिन्न सामाजिक काम गर्दै आइरहेको छ । उक्त अवसरमा लायन्स इन्टरनेशनलका बिनय बस्नेतले भने, 'महिला सशक्तीकरण र दिगो विकासमा हाम्रो साझा प्रतिबद्धता रहेको छ र यस भ्रमणले यसको पुष्टि गर्दछ ।'

यस भ्रमणले लायन्स इन्टरनेशनल र टेवाबीचको सहकार्यलाई सुदृढ पार्दै एक नयाँ चरणको सुरुवात गरेको छ, जसले दुवै संस्थाको साझा उद्देश्यलाई पूरा गर्न थप सहयोग गर्ने विश्वास जगाएको पनि सहभागीहरूले जनाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ